

Scanned with CamScanner

व्यवस्थित, पारदर्शी र अनुमानयोग्य बनाउन यस सम्बन्धी मापदण्डलाई समयानुकूल परिमार्जन गरी कार्यान्वयनमा ल्याइनेछ ।

२४. राष्ट्रसेवक कर्मचारीबाट सम्पादित कामको गुणस्तर, कार्यसम्पादन स्तर, सेवा प्रवाह लगायतको आधारमा पुरस्कार तथा दण्डको व्यवस्था गरिनेछ । महानगरपालिकामा कार्यरत कर्मचारीको सेवा सुविधा र व्यवसायजन्य सुरक्षालाई उत्प्रेरक र पूर्वानुमानयोग्य बनाई राष्ट्रसेवकलाई उच्च मनोबलयुक्त बनाइनेछ । खरिद कार्यलाई चुस्त दुरुस्त, अनुमानयोग्य र प्रविधिमैत्री बनाइनेछ ।

२५. हेलो सरकार तथा हेलो मेयर मार्फत प्राप्त गुनासो सुनुवाइ गर्ने संयन्त्रलाई थप प्रभावकारी बनाइनेछ। गुनासो सुनुवाइमा Rapid Response Team परिचालन गरिनेछ । छाडा चौपाया नियन्त्रण, बजार अनुगमन, मापदण्ड विपरीतका संरचना हटाउने, आवागमन व्यवस्थित गर्ने कार्यमा नगर प्रहरी बलको परिचालन प्रभावकारी बनाइनेछ ।

२६. देशको प्रशासनिक, सुरक्षा, प्राविधिक, प्राध्यापन, लगायत विभिन्न उल्लेखनीय योगदान गरी सेवा निवृत्त पूर्व राष्ट्रसेवकहरूको ज्ञान, सीप, दक्षता तथा अनुभवलाई महानगरपालिकाको समृद्धिमा उपयोग गर्न प्रेरित गरिनेछ ।

२७. महानगरपालिकामा कार्यरत नगर प्रहरीको क्षमता विकास, उत्प्रेरणा तथा मनोबल अभिवृद्धि गर्दै आवश्यक सुरक्षा सामाग्रीको व्यवस्था र बिमा गरिनेछ । नगर प्रहरीको लागि छुट्टै ब्यारेक, दमकल, एम्बुलेन्स, विपद् व्यवस्थापन सहित एक व्यवस्थित एकीकृत सेवा प्रदान गर्ने कामका लागि हालको दमकल रहेको स्थानमा निर्माणाधीन भवन र संरचनाबाट विशेष र द्रुत सेवा प्रदान गरिनेछ ।

२८. संघ तथा प्रदेश सरकारको नीति अनुरूप ग्रामीण पर्यटन प्रवर्द्धन गर्न महानगरपालिकामा कार्यरत कर्मचारीहरुलाई एक हप्ताको पर्यटन काजमा पठाउने व्यवस्था मिलाइनेछ । आन्तरिक तथा बाह्य पर्यटनमा समेत टेवा पुग्ने गरी महानगरसँग मितेरी सहरको प्रस्ताव गर्ने अन्य सहर तथा पालिकासँग मितेरी सहरको सम्बन्ध विस्तार गर्दै लगिनेछ ।

२९. सार्वजनिक जग्गा र सम्पत्तिको संरक्षण गर्न तथा अतिक्रमण हटाउन स्थानीय प्रशासनको सहयोग तथा समन्वयमा विशेष अभियान सञ्चालन गरिनेछ । सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली ( PAMS) मा सार्वजनिक सम्पत्तिको अभिलेख प्रविष्ट गरी व्यवस्थित गरिनेछ ।

३०. न्यायिक समितिको क्षमता विकास गर्दै न्याय सम्पादन प्रक्रियालाई थप निष्पक्ष, गुणस्तरीय र विश्वसनीय बनाउँदै लगिनेछ । न्यायमा नागरिकको पहुँच अभिवृद्धि गर्न नागरिकसँग न्यायिक समिति अभियानलाई विस्तार गरिनेछ । मेलमिलाप पद्धतिद्वारा विवाद समाधान गर्न प्रोत्साहित गर्दै मेलमिलापकर्ताहरुका लागि क्षमता विकास कार्यक्रमहरु सञ्चालन गरिनेछ ।



Scanned with CamScanner

३१. विपद् पूर्व जोखिम आंकलन, जोखिम पूर्व चेतावनी, विपद् प्रतिकार्य तयारी, विपद् जोखिम न्यूनीकरण रण, पुनर्स्थापना र पुर्नलाभको लागि विपद् पुर्वतयारी तथा प्रतिकार्य योजना (DPRP) निर्माण गरी संघ र प्रदेशसँग समन्वयात्मक रूपमा कार्यान्वयन गरिनेछ ।

३२. विपद् जोखिम क्षेत्रहरूको नक्सांकन गरी Early Warning System स्थापना गरिनेछ । महानगरपालिका, सुरक्षा निकाय र अन्य सम्बन्धित क्षेत्रमा क्रियाशील संघसंस्थाहरुको समन्वयमा तालिम प्राप्त दक्ष जनशक्ति सम्मिलित Early Warning System निर्माण गरी खोज, उद्धार र राहतका कार्य गरिनेछ ।

३३. भूमि समस्या समाधान आयोगसँगको समन्वयमा भूमिहीन दलित, भूमिहीन सुकुम्वासी र अव्यवस्थित बसोबासीहरुलाई क्रमशः व्यवस्थापन गर्दै लगिनेछ ।

३६. महानगरपालिकाको स्वामित्वमा रहेका जग्गा जमिन, भवन, सवारी साधन, फर्निचर, मेसिन औजार लगायतका सबै भौतिक सम्पत्तिलाई सार्वजनिक सम्पत्रि् व्यवस्थापन प्रणाली PAMS मा अभिलेखीकरण गरी व्यवस्थित गरिनेछ । सामुदायिक विद्यालय तथा स्वास्थ्य संस्थाको स्वामित्व वा उपयोगमा रहेका भवन तथा जग्गालाई समेत नक्शांकन गरी यस प्रणालीमा आवद्ध गर्दै लगिनेछ ।

३७. महानगरपालिकाले निर्माण गरेका सडक, पुल, बसपार्क, पार्क, उद्यान, चौतारो, ढल निकास, खानेपानी तथा सिँचाइ संरचना, झोलुङ्गे पुल, सार्वजनिक भवन लगायतका सार्वजनिक सम्पत्तिहरूको पहिचान तथा नक्शांकन गरी सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणालीमा अभिलेखीकरण गर्ने कार्यको थालनी गरिनेछ ।

३८. महानगरपालिका क्षेत्रभित्र रहेका ऐतिहासिक, पुरातातिवक, सांस्कृतिक तथा धार्मिक महत्वका सम्पदा, प्राचीन स्मारक, सार्वजनिक तथा सामुदायिक भवन, खुला क्षेत्र, चोक, गल्ली, धार्मिक तथा सांस्कृतिक स्थल, पोखरी, ताल तलैया, ढुंगेधारा, खोला तथा पानीका मुहान, इनार, कुवा, धारा, कुलो तथा नहर, घाट, पाटी पौवा, सत्तल, धर्मशाला, ढल, नाला र सडकका दायाँ बायाँका रुख तथा नदी वा सार्वजनिक स्थानमा रहेको ढुङ्गा, गिट्टी, बालुवा एवं माटोजन्य बस्तु एवम् सार्वजनिक तथा ऐलानी जग्गामा रहेका काठ दाउरा, जरा जुरी, दहत्तर बहत्तर र सार्वजनिक, ऐलानी, पती जग्गा एवम् सिमसार क्षेत्र तथा राष्ट्रिय वन बाहेक आफ्नो क्षेत्राधिकार भित्रको अन्य वन क्षेत्रको नक्शांकन गरी संरक्षण र उपयोगमा जोड दिने नीति लिइनेछ ।

३९. महानगरपालिका क्षेत्रभित्र रहेका प्राकृतिक स्रोतबाट आर्जन गर्न सकिने राजस्व सम्भावनाको समेत अध्ययन गरी उपयोगमा ल्याउने र यी सम्पत्तिहरुलाई क्रमशः सार्वजनिक सम्पत्रि् व्यवस्थापन प्रणालीमा आबद्ध गर्दै लगिनेछ । ओझेलमा परेका ऐतिहासिक महत्वका धार्मिक, सांस्कृतिक महत्वका स्थालहरुको पुनर्निर्माण तथा त्यसको महत्वलाई उजागर गर्ने नीति लिइनेछ ।



Scanned with CamScanner

शिक्षा तर्फ:

४०. संघीय सरकार तथा स्थानीय सरकारले तोकेका सर्त मापदण्ड तथा नक्शाङ्कनका आधारमा सरकारी, गैरसरकारी, सामुदायिक वा संस्थागत लगानीमा बालमैत्री तथा पूर्वाधारयुक्त प्रारम्भिक बाल विकास केन्द्र तथा शिशु स्याहार केन्द्रको विकास गर्दै लगिनेछ । प्रारम्भिक बाल विकास केन्द्रमा अध्यापन गर्ने शिक्षकहरूलाई नवीनतम शैक्षणिक तालिमको व्यवस्था मिलाउँदै यस्ता केन्द्रमा अध्ययनरत बालबालिकाहरूको सर्वाङ्गीण विकासमा टेवा पुऱ्याउने आवश्यक सामग्रीहरूको व्यवस्था मिलाइनेछ। साथै सञ्चालन भइरहेका संस्थागत मन्टेश्वरीहरूको अनुगमन र सुपरिवेक्षणलाई प्रभावकारी बनाइने छ।

४१. सबैका लागि अनिवार्य तथा नि:शुल्क आधारभूत शिक्षाको सुनिश्चितताको लागि पहुँच र सहभागिता, संस्थागत क्षमता विकास, गुणस्तर अभिवृद्धि सम्बन्धी कार्यक्रम सञ्चालन गरिनेछ । आधारभूत तहका बालबालिकाले आधा घण्टाको दुरी भन्दा बढी हिँड्न नपर्ने गरी विद्यालय नक्शाङ्कन, विद्यार्थी र शिक्षक अनुपातको आधारमा विद्यालय समायोजन र मिलानको व्यवस्था मिलाइनेछ ।

४२. गरिबीको रेखामुनि रहेका, विपन्न, दलित, सीमान्तकृत, पिछडिएका समुदायका बालबालिका र विद्यालय बाहिर रहेका सबै बालबालिकाहरूलाई विद्यालयको दायराभित्र ल्याउन तथा अध्ययनमा निरन्तरताको सुनिश्चित गर्न जनसहभागिता सहितको कार्यक्रम सञ्चालन गरिनेछ ।

४३. पुस्तकालय, बुक कर्नर जस्ता भौतिक र शैक्षिक पूर्वाधारलाई क्रमशः पूरा गर्दै लगिनेछ । भूगोल, धर्म, संस्कृति, मौलिक कला, रीतिरिवाज, मूल्यमान्यता, व्यापार व्यवसाय, पर्यटन लगायतलाई सम्बोधन गर्ने गरी स्थानीय पाठ्यक्रम निर्माण गरी कार्यान्वयन गरिएको छ । यसलाई थप व्यवस्थित गर्दै सन्दर्भ सामग्री र पाठ्यपुस्तक समेतको व्यवस्था मिलाइनेछ ।

४४. महानगरमा सञ्चालित सबै सामुदायिक विद्यालयहरूमा डिजिटल प्रविधिको विकास गरी सूचना प्रविधिको माध्यमद्वारा शिक्षण सिकाइलाई कमशः प्रवर्द्धन गर्दै लगिनेछ । माध्यमिक शिक्षामा सबैको पहुँच विस्तार गर्नुका साथै विद्याथीको रुचि र समाजको आवश्यकता अनुरूप माध्यमिक शिक्षामा प्राविधिक तथा व्यावसायिक शिक्षाको विकास र विस्तारमा जोड दिइनेछ । माध्यमिक विद्यालयमा भौतिक तथा शैक्षिक पूर्वाधार विकास, पठनपाठन प्रक्रिया तथा सिकाइ वातावरणमा सुधार गरी गुणस्तर अभिवृद्धिमा जोड दिइनेछ ।

४५. शिक्षालाई सिपसँग, सिपलाई श्रमसँग, श्रमलाई रोजगारीसँग, रोजगारीलाई उत्पादनसँग र उत्पादनलाई बजारसँग जोडने उद्देश्यका साथ विद्यार्थीलाई कक्षाकोठा बाटै व्यावसायिक ज्ञान र सिप प्रदान गर्ने संघीय सरकारको शिक्षा नीति अनुरूप महानगरपालिका भित्र सञ्चालित प्राविधिक धारका विद्यालयहरूलाई सोही अनुरूप गुणस्तर अभिवृद्धिमा जोड दिइनेछ ।

४७. सबै सामुदायिक विद्यालयहरूमा डिजिटल सिकाइ सामग्रीको प्रबन्ध गरी विद्यार्थीलाई सहज ढङ्गले सिक्ने वातावरण सिर्जना गरिनेछ । साथै शिक्षकसँग साझेदारी गरी एक शिक्षक एक ल्यापटप कार्यक्रमलाई क्रमशः कार्यान्वयन गर्दै लगिने छ । Smart Pokhara School Program अन्तर्गत सामुदायिक विद्यालयमा Smart Classroom (स्मार्ट बोर्ड, प्रोजेक्टर, इन्टरनेट पहुँच) स्थापना गरिनेछ ।

४८. **'हाम्रो विद्यालय हाम्रो जिम्मेवारी'** भन्ने भावनालाई जागृत गर्न शिक्षक, विद्यालय व्यवस्थापन समिति, र अभिभावक बिच नियमित अन्तर्संवाद गरी सामुदायिक विद्यालय प्रतिको अपनत्वको भावना विकास गरिनेछ । शैक्षिक कार्यक्रम सञ्चालन गर्दै आएका धार्मिक प्रकृतिका गुरुकुल, गुम्बा, मदरसा लगायतका संस्थाहरूको संरक्षण र सम्बर्द्धनमा जोड दिइनेछ ।

४९. विद्यार्थी संख्या कम भएका विद्यालयहरूलाई नजिकको ठुला विद्यालयमा समायोजन गरिने छ । विद्यालय समायोजनको कारणले साना विद्यार्थीहरूलाई विद्यालय पहुँचमा कठिनाइ भएमा महानगरपालिका र विद्यालयको साझेदारीमा यातायातको साधन खरिद गर्न आवश्यक प्रबन्ध मिलाइने छ । प्राविधिक शिक्षाका गतिविधिलाई प्रयोगात्मक, व्यवहारिक र समयानुकूल बनाउन शैक्षिक संस्थाले उद्योग, व्यापार, संघ, संस्था लगायतका कार्यस्थल र समुदायसँग सहकार्य र लागत साझेदारीको प्रबन्ध गरिनेछ ।

५०. प्राविधिक तथा व्यावसायिक शिक्षाका कार्यक्रमहरूमा आधुनिक सूचना प्रविधिको प्रयोग गरी अन्तर्राष्ट्रिय मापदण्ड अनुरूप हुने गरी प्रत्यक्ष र अनलाइन शिक्षण एवम् प्रशिक्षण प्रणालीको विकास गरिनेछ । श्रम बजारको अध्ययन तथा अनुसन्धान गरी बजारको माग अनुसार नयाँ सीप र प्रविधिको विकास गर्ने कार्यक्रम सञ्चालन गरिनेछ । प्रदेश सरकार र महानगरपालिकाको साझेदारीमा अभिभावक शिक्षा, विद्यार्थी वृत्ति परामर्श कार्यक्रम सञ्चालन गरिने छ ।

५१. युवाहरूलाई समाजप्रति जिम्मेवार, कर्तव्यनिष्ठ र प्रतिबद्ध बनाई समग्र विकास प्रक्रियामा प्रभावकारी परिचालन गरिनेछ । युवालाई उद्यमशीलता र व्यवसायीक खेलकुद प्रति प्रोत्साहित गरिनेछ । खेल गतिविधिहरूको वार्षिक क्यालेन्डर बनाई तदनुरूप कार्यक्रम सञ्चालन गरिनेछ । नगर क्षेत्रमा आयोजना हुने राष्ट्रिय तथा अन्तर्राष्ट्रिय खेलकुद गतिविधिहरूमा साझेदारी गर्दै खेलकुदका कार्यक्रमहरू पोखरामा आयोजना गर्न प्रोत्साहन गरिनेछ ।

५२. कला, साहित्य र सृजनाको सहर पोखरामा रहेका स्रष्टाहरूको योगदानको स्मरण गर्दै भ्रमण वर्षको सन्दर्भमा वृहद साहित्य उत्सव आयोजना गरिनेछ । नवप्रतिभाको पहिचान गरी उन्नयनमा योगदान पुग्ने प्रभावकारी कार्यक्रमहरूमा जोड दिइनेछ । जीवन्त कलामा आधारित नाट्य क्षेत्रको विकास र प्रवर्द्धनका लागि आवश्यक सहकार्य गरिनेछ ।



Scanned with CamScanner

५३. मर्यादित एवम् व्यवस्थित परीक्षा प्रणाली मार्फत दक्ष जनशक्ति उत्पादनको खुड्किलोको रुपमा कक्षा ८ को परीक्षा केन्द्र तोकी परीक्षा सञ्चालन र नतिजा प्रकाशन सुरुवात गरिएको छ । आर्थिक वर्ष २०८२।०८३ देखि कक्षा ५ को परीक्षा समेत स्तरीय प्रश्न पत्र निर्माण गरी सञ्चालन गरिनेछ।

५४. विशेष प्रकृतिका बालबालिकाहरुको शिक्षा आर्जन गर्न पाउने संवैधानिक अधिकारलाई सुनिश्चित गरिनेछ । श्रवणदृष्टीविहिन, दृष्टिविहीन, बहिरा बालबालिकाहरुको लागि सञ्चालित विद्यालयहरुको व्यवस्थापनमा सुधार गरिनेछ । आर्थिक वर्ष २०८२।०८३ देखि थप २ वटा अटिजम र मस्तिष्क पक्षाघातका स्रोत कक्षाहरु सञ्चालन गरिनेछ ।

५५. पोखरा महानगरपालिका अन्तरगत सञ्चालित सिकाइ केन्द्रहरुलाई थप व्यवस्थित गर्दै आगामी दिनमा उक्त केन्द्रलाई सिकाइ अध्ययन केन्द्रका अलवा सिपमूलक तालिम प्रदायक संस्थाको रुपमा विकास गरी बेरोजगार युवायुवतीहरुलाई आयआर्जन सम्वन्धी सिपमूलक तालिम सहित जीविकोपार्जन तर्फ उन्मुख गराइनेछ ।

५६. डिजिटल साक्षरता प्रवर्द्धन गरी विद्याथीहरुका लागि सिक्दै कमाउँदै (Learn & Earn) कार्यक्रम आर्थिक वर्ष २०८२।०८३ बाट शुभारम्भ गरिनेछ । वडा स्तरीय सामुदायिक सिकाई केन्द्र मार्फत अनौपचारिक शिक्षा र सीप विकास प्रवर्द्धन गर्ने नीति लिइनेछ ।

५७. गण्डकी बहु प्राविधिक शिक्षालयमा अध्ययनरत विद्यार्थीलाई निजी क्षेत्रसँगको सहकार्यमा व्यावसायिक इन्टर्नसिप र प्रशिक्षण प्रदान गरी कारखाना सञ्चालन, अटो मेकानिक्स लगायत विषयमा पढ्दै-कमाउँदै को अवधारणा मार्फत सीप र रोजगार योग्यता अभिवृद्धि गरिनेछ ।

५८. सबै सामुदायिक विद्यालयहरुमा डिजिटल सिकाइ सामग्रीको प्रबन्ध गरी विद्यार्थीलाई सहज ढङ्गले सिक्ने वातावरण सिर्जना गरिनेछ । साथै शिक्षकसँग साझेदारी गरी एक शिक्षक एक ल्यापटप कार्यक्रमलाई क्रमशः कार्यान्वयन गर्दै लगिने छ । कबचत एयपजबचब क्अजयर्य एचयनचक अन्तर्गत सामुदायिक विद्यालयमा Digital Classroom (स्मार्ट बोर्ड, प्रोजेक्टर, इन्टरनेट पहुँच) स्थापना गरिनेछ ।

स्वास्थ्य तर्फः

५९. आधारभूत स्वास्थ्य सेवालाई सुलभ र पहुँचयोग्य तुल्याउन सेवा प्रदायक र सेवाग्राही बिचको असन्तुलन घटाई दक्ष स्वास्थ्यकर्मीद्वारा निःशुल्क, सर्वसुलभ र गुणस्तरीय आधारभूत स्वास्थ्य सेवा प्रदान गर्ने व्यवस्था मिलाइनेछ ।



Scanned with CamScanner

५९. नि:शुल्क वितरणका लागि तोकिएका औषधी तथा स्वास्थ्य सामाग्री नियमित आपूर्ति गर्न खरिद योजना बनाई खरिद प्रक्रियालाई योजनाबद्ध तथा पारदर्शी बनाई नियमित आपूर्तिको सुनिश्चितता गरिनेछ ।

६०. जनसंख्या, भूगोल र सेवा उपलब्धताको आधारमा स्वास्थ्य संस्थाहरुको पुनर्संरचना गरी रणनीतिक स्थानहरुमा उपचारात्मक, प्रवर्द्धनात्मक तथा निदानात्मक सेवा विस्तार गर्न चिकित्सक सहित स्वास्थ्य सस्ताहरुको सेवा स्तरोन्नति गरिने छ ।

६१. **'घरघरमा स्वास्थ्यकर्मी कार्यक्रम'** मार्फत अशक्त, दिर्घरोगी तथा सुत्केरी महिलाहरुलाई घरमै गई स्वास्थ्य परीक्षण गर्ने व्यवस्था मिलाइने छ । नसर्ने रोगहरुको बढ्दो समस्यालाई समाधान गर्न ४० वर्ष माथिका सबै नगरवासी हरुलाई कम्तीमा वर्षको एक पटक नसर्ने रोग सम्बन्धी स्क्रीनिङ, परामर्श, उपचार र प्रेषण सेवा नि:शुल्क उपलब्ध गराउने व्यवस्था मिलाइनेछ ।

६२. महिलाहरुमा हुने पाठेघरको मुखको क्यान्सर तथा स्तन क्यान्सर रोकथामका लागि तोकिएका स्वास्थ्य संस्थाहरुबाट प्राथमिकताका साथ नियमित रुपमा नि:शुल्क स्क्रिनिङ तथा सचेतनामूलक कार्यक्रमहरुलाई निरन्तरता दिइनेछ ।

६३. डेंगु, औलो, जुनेटिक लगायत सरुवा रोगहरू तथा महामारी नियन्त्रण तथा रोकथामका लागि संस्थागत क्षमता अभिवृद्धि गर्दै सबै प्रकारका विपद् जोखिम न्यूनीकरणका लागि पूर्व तयारी योजना निर्माण गरी श्रोत साधन सहितको प्रतिकार्य समूह गठन तथा परिचालन गर्ने व्यवस्था मिलाइनेछ ।

६४. महानगर अन्तर्गतका स्वास्थ्य संस्थाहरुमा रहेको जनशक्ति व्यवस्थापनलाई चुस्त दुरुस्त पार्दै रिक्त पदमा पदपूर्तिको व्यवस्था मिलाइने छ । महानगर अन्तर्गतका सबै स्वास्थ्य संस्थाहरुबाट दिइने सेवाको विवरणलाई डिजिटल माध्यमबाट राख्ने व्यवस्थालाई निरन्तरता दिइनेछ ।

६५. मानसिक स्वास्थ्य सेवालाई प्राथमिकतामा राखी मनोसामाजिक परामर्श, उपचार तथा प्रेषण प्रणालीको स्थापना गरिने छ। जसका लागि चिकित्सक सहितका स्वास्थ्य संस्थाहरुमा परामर्शदाताको व्यवस्था गरिनुका साथै समुदाय स्तरमा आत्महत्या रोकथाम लगायतका विविध मानसिक स्वास्थ्य समस्या समाधान सम्बन्धी कार्यक्रमहरू सञ्चालन गरिनेछ ।

६६. शिशुवा अस्पतालको स्वीकृत O & M सर्वेक्षण प्रतिवेदन अनुसार विशेषज्ञहरू थप गरी सेवा सञ्चालनका सहित महानगर स्तरीय नमुना अस्पतालका रुपमा विकास गरिनेछ । अस्पतालको मौजुदा भवन तथा जग्गा अपुग भएकाले महानगर अस्पताल स्थापनाका लागि साबिक लेखनाथ नगरपालिकाको कार्यालय भवन र परिवारमा थप सेवाका लागि आवश्यक पूर्वाधार निर्माण गर्ने नीति लिइनेछ ।



Scanned with CamScanner

६७. आयुर्वेद तथा वैकल्पिक चिकित्सा पद्धतिलाई स्वास्थ्य सेवाको मूलधारमा एकीकरण गर्दै समुदायको सहभागितामा योगाभ्यास, ज्येष्ठ नागरिक लक्षित कार्यक्रम, स्थानीय जडीबुटीहरूको उत्पादन, प्रशोधन, प्रयोग, प्रवर्द्धन सहितका आयुर्वेद तथा वैकल्पिक चिकित्सा सम्बन्धी विविध कार्यक्रमहरूलाई निरन्तरता दिइने छ । पोखरा १८ स्थित शहिदपार्क क्षेत्रमा जडीबुटी रोपण गरी उक्त स्थानलाई जडीबुटी प्रदर्शनी, अध्ययन अवलोकन, प्रशिक्षण स्थलका रूपमा विकास गरिनेछ ।

६८. पोखरा ८ सृजना चोकमा रहेको योग कक्षलाई महानगरीय आयुर्वेद तथा योग प्रवर्द्धन केन्द्रको रूपमा स्तरोन्नति गरिनेछ । केन्द्र मार्फत सबैका लागि आधारभूत योग तथा चिकित्सक एवं स्वास्थ्यकर्मीका लागि रोग अनुसारको योग प्रशिक्षण सञ्चालन गर्नका लागि उपयुक्त स्थानमा सुविधायुक्त योगहल निर्माण गरिनेछ ।

६९. मद्यपान, धुमपान तथा सुर्तीजन्य पदार्थको प्रयोग तथा विक्री वितरणलाई प्रभावकारी नियमन गर्नका लागि आवश्यक व्यवस्था मिलाइनेछ । महानगर क्षेत्र भित्र आपूर्ति हुने खानेपानी शुद्धताका लागि खानेपानीको गुणस्तर जाँच, अनुगमन तथा प्रभावकारी नियमनको व्यवस्था सहित खानेपानी गुणस्तर परीक्षण गर्ने व्यवस्था मिलाइनेछ ।

७०. संघ तथा प्रदेश सरकारसँग समन्वय गरी तरकारी, फलफूल लगायतका खाद्यपदार्थमा हुने मिसावट र विषादी प्रयोगको नियमन र नियन्त्रण गरिनेछ । निजी स्वास्थ्य संस्था तथा औषधी पसलहरूको नियमन तथा अनुगमनलाई प्रभावकारी बनाइनेछ ।

७१. महानगर क्षेत्रभित्रका सबै सरकारी र निजी स्वास्थ्य सेवा प्रदायक संस्थाहरूले नियमानुसार १० प्रतिशत शय्या गरिब, असहाय तथा विपन्नहरूका लागि नि:शुल्क उपलब्ध गराउनु पर्ने व्यवस्थालाई प्रभावकारी रूपमा लागु गराइने छ । सेवा प्रदायकहरूले प्रदान गरेको सेवा विवरण (तथ्याङ्क) स्वास्थ्य महाशाखामा नियमित अद्यावधिक गर्ने व्यवस्था मिलाइने छ ।

७२. जलनका बिरामीहरूको उपचारका लागि पोखरा-१५ नयाँ गाउँ स्थित हरियो खर्क अस्पतालमा डेडिकेटेड बर्न युनिट (Dedicated Burn Unit) सञ्चालन गरिनेछ । सामुदायिक विद्यालयहरूमा विद्यालय नर्स कार्यक्रम पाइलोटिङ्को रूपमा सुरुवात गरिनेछ । अपाङ्गता भएका बालबालिकाहरूको स्वास्थ्यमा सुधारका लागि नियमित थेरापी कार्यक्रम सञ्चालन गरिनेछ ।

७३. मानवता प्रवर्द्धनको महाअभियान सञ्चालन गरिरहेको मानव सेवा आश्रममा आश्रित व्यक्तिहरूको नियमित स्वास्थ्य परीक्षणको व्यवस्था मिलाइने छ ।

७४. महानगरपालिकाको पार्श्व चित्र निर्माण भइसकेको र सो अनुसार गरिबिको रेखा मुनी रहेका विपन्न घरपरिवारहरूलाई नि:शुल्क स्वास्थ्य बिमा लगायत सामाजिक सुरक्षाका कार्यक्रमहरूमा समावेश गर्ने नीति लिइनेछ । स्वास्थ्य बिमाबाट प्रवाह हुने सेवा सुविधालाई चुस्त बनाउन आवश्यक समन्वय गरिने छ ।



Scanned with CamScanner

सामाजिक विकास तर्फः

७५. महिलाहरूको आर्थिक र सामाजिक सशक्तीकरणको लागि उप-प्रमुखसँग महिला कार्यक्रमलाई निरन्तरता दिइनेछ । महिला हिंसा तथा कुरीतिजन्य प्रचलन (बालविवाह, बहुविवाह, घरेलु हिंसा, बलात्कार, बेचबिखन, बोक्सी आरोप) लगायत हिंसा विरुद्ध अभियानहरू संचानल गरिनेछ । पीडित प्रभावितका लागि तत्काल उद्धार, राहत र पुनर्स्थापना सहित प्रवर्द्धनात्मक कार्यक्रमहरू सञ्चालन गरिनेछ ।

७६. यौनिक तथा लैङ्गिक अल्पसंख्यकहरूलाई सामाजिक समावेशीकरणको मर्म अनुरूप आवश्यक कार्यक्रम सञ्चालन गरिनेछ ।

७७. मानव सेवा आश्रमको मानवता प्रवर्द्धन महाअभियानमा सहकार्य गरिनेछ । साथै पोखरा महानगरपालिका क्षेत्रलाई सहायोगापेक्षी सडक आश्रित मानवमुक्त बनाउन सडक मानवको उद्धार, संरक्षण र पुनर्स्थापनामा संलग्न संघसंस्थासँग समन्वय र सहकार्य गरी विक्रम संवत् २०८२ सम्ममा नेपाललाई सडक मानवमुक्त बनाउने नेपाल सरकारको घोषणा कार्यक्रम प्रभावकारी कार्यान्वयन गरिनेछ ।

७८. बाल मञ्च, बाल सञ्जाल तथा बाल क्लबहरूको गठन तथा परिचालन गर्दै बाल सहभागिता, बाल सक्रियता र बालबालिकाहरूको व्यक्तिगत तथा नेतृत्व क्षमताको विकास गरिनेछ । भौतिक पूर्वाधार र निर्माण सम्बन्धी योजनाहरू बालमैत्री र पहुँचयुक्त बनाउन आवश्यक कार्य गरिनेछ ।

७९. अपाङ्गता भएका बालबालिकालाई शिक्षामा पहुँचका लागि आवश्यक कार्यक्रम सञ्चालन गरिनेछ । नगर क्षेत्रका खुला सार्वजनिक स्थानहरूमा वालमैत्री पार्कहरू निर्माण गरिनेछ ।

८०. अपाङ्गता भएका व्यक्तिहरूको वर्गीकरण गरी लगत राख्ने तथा अपाङ्गता परिचय पत्र वितरण कार्यलाई डिजिटाईज गरिनेछ । अपाङ्गता भएका व्यक्ति तथा व्यक्तिका परिवारहरूको जीवनस्तरमा सुधार ल्याउन सीप विकास तथा व्यवसायमूलक कार्यक्रमहरूलाई जोड दिइनेछ ।

८१. ज्येष्ठ नागरिकहरूलाई उचित सम्मान र प्रोत्साहन गर्ने नीति अनुरूप ज्येष्ठ नागरिक हेरचाह केन्द्र तथा दिवा सेवा केन्द्र, वृद्धाश्रम र मिलन केन्द्रहरूको व्यवस्थापन गर्दै लगिनेछ ।

८२. मानव विकास सूचकाङ्कको दृष्टिकोणबाट पछाडि परेका आदिवासी/जनजाति/दलित/मुस्लिम र अल्पसंख्यक समुदायको लागि सचेतनामूलक कार्यक्रम, व्यावसायिक तालिम तथा स्वरोजगारका कार्यक्रमहरू सञ्चालन गरी जीविकोपार्जनमा सुधार गर्ने नीति लिइनेछ ।

८३. गैरसरकारी संस्थालाई महानगरपालिकाले अगाडी सारेका नीति कार्यक्रम तथा प्राथमिकताको क्षेत्रमा काम गर्न प्रोत्साहन गरिनेछ । गैरसरकारी संस्थाहरूको आवश्यक नियमन, अनुगमन र सुपरिवेक्षण गरी महानगरपालिकाको विकास साझेदार संस्थाको रूपमा अघि बढाउने नीति लिइनेछ ।

८४. महानगर क्षेत्रभित्र रहेका सामाजिक संस्थाहरू टोलबिकास संस्था, युवा क्लब, आमा समूह, सहकारी लगायत सामुदायिक संस्थाहरूलाई विकासका साझेदारको रूपमा अगाडी बढाइनेछ ।

८५. महानगरपालिकाको उपलब्ध स्रोतलाई महिला, बालबालिका, ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति, यौनिक अल्पसंख्यक लगायत सीमान्तकृत समुदायको आर्थिक एवम् सामाजिक सशक्तीकरणमा केन्द्रित गर्नका लागि बजेटको कम्तीमा १० प्रतिशत रकम त्यस्ता समुदायलाई प्रत्यक्ष लाभ हुने कार्यक्रमको निमित्त विनियोजन गर्ने नीति अवलम्बन गरिनेछ ।

८६. सबै वडा कार्यालयहरुमा श्रम डेस्क स्थापना गरी श्रम, समय, सीप, उत्पादन र उद्यमशीलतामा आधारित महानगर स्वरोजगार कार्यक्रम सञ्चालन गरिनेछ । गृहिणी महिलाहरुलाई उद्यमशीलता, नेतृत्व र सामाजिक सुरक्षामा प्रोत्साहन गर्दै आवश्यक तालिम तथा प्रशिक्षण कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

८७. पोखरा महानगर भित्र सञ्चालित व्यवसायीक प्रतिष्ठान, शैक्षिक प्रतिष्ठान, बैङ्क तथा वित्तीय संस्था र सहकारी संस्थाहरुको वार्षिक रुपमा सामाजिक उत्तरदायित्व (CSR) अन्तरगतको रकम महानगर मातहतका कार्यलयहरुसँगको समन्वयमा आवश्यकता अनुसार खर्च गर्ने व्यवस्था गरिनेछ ।

**पूर्वाधार विकास तर्फ :**

८८. वडा केन्द्र जोड्ने कनेक्टिङ सडक र सहरी सडकहरुलाई क्रमशः अस्फाल्ट, कङ्क्रिटमा स्तरोन्नति गर्दै लगिने छ । बजार क्षेत्रका मुख्य चोकहरुमा ट्राफिक जाम कम गर्नका लागि फ्लाईओभर र अन्डर पास निर्माणका लागि अध्ययन गरिनेछ । नगर क्षेत्रका सडकहरुलाई अपाङ्ग तथा जेष्ठनागरिकमैत्री बनाउँदै लगिने छ ।

८९. पोखरा सभागृह र बसपार्क निर्माण कार्यको सम्भाव्यता अध्ययन गर्ने कार्य भइरहेकोमा आगामी आर्थिक वर्ष नगर विकास कोषसँगको सहकार्य साझेदारीमा कार्यान्वयनमा लगिने छ । पोखरा बसपार्कलाई सिटी बसपार्कका रुपमा विकास गरिनेछ ।

९०. रणनीतिक महत्वका सडक तथा पुल निर्माण कार्यलाई प्राथमिकताका साथ अघि बढाइनेछ । जीर्ण भौतिक पूर्वाधारहरूको नियमित मर्मत तथा सम्भार गरी सार्वजनिक सम्पत्तिको संरक्षण गरिनेछ । फिर्के खोलामा कोरिडोर निर्माणको प्रक्रिया अघि बढाइने छ । ग्राउन्ड क्रेज, हाइड्रोजन र जलवायु परिवर्तनका कारण हाल भइरहेको नालाहरूले बर्सातको पानी थेग्न नसकेका कारण आवश्यकताका आधारमा नालाहरूको स्तरोन्नति गर्दै लगिने छ ।

९१. सहरी सडकहरुलाई क्रमशः Asphalt/Concreting गर्दै लगिनेछ । भित्री र ग्रामीण सडकहरूको Routine Maintinence कार्यक्रम सञ्चालन गरिनेछ । भौतिक पूर्वाधारहरूको गुणस्तरीयता

कायम गर्न भइरहेको सिभिल ल्याबलाई आवश्यक जनशक्ति सहितको आधुनिकीकरण एवम् व्यवस्थित गरिनेछ ।

९२. महानगरपालिकाको सेवा सुचारु र एकीकृत गर्न आफ्नै अत्याधुनिक प्रशासकीय भवन निर्माणको प्रक्रिया अगाडि बढाइनेछ । महानगरका-३३ मध्ये ३१ वटा वडा कार्यालयहरुले आफ्नै भवनबाट सेवा प्रवाह गरिरहेकोमा बाँकी २ वटा वडाहरुको समेत भवन निर्माण प्रक्रिया अघि बढाइनेछ ।

९३. महानगरभित्रका प्रत्येक घरमा नेपाल गुणस्तर मापदण्ड अनुरुपको स्वच्छ खानेपानी उपलब्ध गराउने नीति लिइनेछ । यसका लागि संघ तथा प्रदेश सरकारसँग समन्वय तथा लगानी साझेदारी गरी खानेपानी तथा सरसफाइ कार्यक्रम सञ्चालन गरिनेछ । नगरवासीलाई स्वच्छ खानेपानी वितरणका लागि एक घर एक धारा कार्यक्रमलाई निरन्तरता दिइनेछ । खानेपानीको प्राकृतिक मुहानहरुको संरक्षण, मर्मत र पुन भरण अभियान सञ्चालन गरिनेछ ।

९४. पोखरा महानगरपालिकाबाट छिमेकी पालिकाहरुलाई प्रदान गरिँदै आएको सहयोगलाई महानगरको आर्थिक, सामाजिक र भौगोलिक क्षेत्र विकासमा टेवा पुऱ्याउने पूर्वाधार निर्माणमा परिचालन गर्ने नीति लिइनेछ ।

**शहरी विकास, पर्यटन, वन तथा वातावरण तर्फ:**

९५. पोखरा महानगरपालिकाको व्यवस्थित विकासका लागि तत्कालीन, मध्यमकालीन र दीर्घकालीन गुरुयोजना तयार गरी लागु गर्न आवश्यक अध्ययन कार्य प्रारम्भ गरिनेछ ।

९६. पोखरा उपत्यकाको चारै तर्फबाट पोखरा प्रवेश गर्ने मुख्य नाकाहरु वडा नं.२१,२२ को दोभहरे रामादी र पुम्दी क्षेत्र, वडा नं.३३ को पुँडीटार, वडा नं.३२ को लामेआहाल, वडा १३ को आर्वा फेदी, वडा नं.३१ को माझीकुना क्षेत्र, वडा नं.२५ को हेमजाक्षेत्र र वडा नं.१९ को लामाचौर क्षेत्रहरुमा स्याटलाइट सिटी Satlleite Town निर्माण गर्न आवश्यक अध्ययन गरिनेछ । यी नाकाहरुमा साना टर्मिनल बसपार्कहरु तथा लामेआहालमा मुख्य टर्मिनल निर्माण गर्न ADB/KOICA को साझेदारीमा परियोजना सुरु गरिनेछ ।

९७. ठुलो लगानी आवश्यक पर्ने, रोजगारी सृजना गर्ने, पर्यटन प्रवर्द्धनमा योगदान गर्ने र निजी क्षेत्र आकर्षित हुने आयोजनाहरुलाई सार्वजनिक निजी साझेदारी (PPP) अवधारणामा सञ्चालन गर्न विशेष जोड दिइने छ । अत्याधुनिक फोहोर मैला प्रशोधन केन्द्र निर्माण कार्यलाई आर्थिक वर्ष २०८२।८३ देखि कार्यान्वयन गरिनेछ ।

९८. पोखरा-१८ शहिदपार्कमा जडीबुटी प्रशोधन एवं आयुर्वेदिक औषधी उत्पादनको कार्यलाई (PPP) अवधारणामा सञ्चालन गर्न आवश्यक अध्ययन गरिनेछ । सानिसा अवधारणामा सञ्चालन हुने

योजनाहरूको आशय एवं प्रस्ताव पत्र आव्हान गरी विन्ध्यवासिनी बसपार्क दोविल्ला छटिघाट, तालहरू संरक्षण तथा सौन्दर्यीकरण, बौद्धकालिका पर्यटन पूर्वाधार, पोखरा प्रवेश पार्क लगायत योजनाहरू अगाडि बढाइनेछ ।

९९. KOICA/UNDP को सहयोगमा सञ्चालित Green Job Creation through Recycling and Upcycling (GCRU) परियोजना अन्तर्गत हरित रोजगारी सिर्जना र आयआर्जनमा जोड्दै समुदायस्तर मै फोहरमैला व्यवस्थापन कार्यलाई व्यवस्थित गरिनेछ। Urban Resilience Livability Improvement Project URLIP cGtu{t Pokhara Drainage Road Footpath and Qmreet Improvement, Panchase Eco Development and Access, Old Pokhara Heritage Conservation, Raniban Eco Trail and Fewa Lake Improvement, Shanti Ban Batika Botanical Garden, Seti Gorge Skywalk and Ki Sing Pool, Airport to Lakeside Fast Track लगायतका दीर्घकालीन महत्व बोकेका परियोजनाहरू सञ्चालन गरिनेछ ।

१००. नक्सापास प्रक्रियालाई सरल, सहज र पारदर्शी बनाउन विद्युतीय भवन अनुमति प्रणाली Eectronic Buliding Permit System (EBPS) लाई थप प्रभावकारी रुपमा प्रयोगमा ल्याइनेछ । Digital Signature आर्थिक वर्ष २०८२।०८३ देखि कार्यान्वयनमा ल्याइनेछ । जग्गा विकास कार्यविधि लागू गरी न्यूनतम भौतिक पूर्वाधार सहितको विकसित आभास क्षेत्र तयार गर्न प्रोत्साहित गरिनेछ ।

१०१. महानगरक्षेत्रभित्र मनाइने परम्परागत जात्रा, पर्व, मेला, पूजा, जीवनशैली एवं अन्य सांस्कृतिक सम्पदाहरूको मुख्य परिचयात्मक विवरण समेटी पोखरा महानगरको सांस्कृतिक प्रोफाइल (Cultural Proflie of Pokhara City) तयार गरिनेछ ।

१०२. महानगरका मुख्य सहरी क्षेत्रभित्र रहेका बसस्टपहरुमा यात्रीहरूको सूचनाका लागि कोरियन प्रविधिको Digital Bus Terminal जडान गरिनेछ । नगर क्षेत्रमा सञ्चालन हुने सार्वजनिक यातायातलाई वातावरणमैत्री हरित यातायात प्रणालीको विकासका लागि विकास साझेदारसँगको सहकार्यमा प्रवर्द्धन गरिनेछ । विद्युतीय सवारीको प्रोत्साहनका लागि विद्युत् प्राधिकरणसँगको सहकार्यमा आवश्यक स्थानमा चार्जिङ् स्टेसनहरू निर्माण गरिनेछ । बढ्दो सवारी चापलाई मध्यनजर गरी मास ट्रान्सपोर्टेसन प्रणाली प्रवर्द्धन गरिनेछ ।

१०३. सुरक्षित महानगरको प्रत्याभूतिका लागि व्यस्त चोकहरूमा सुरक्षा निगरानी गर्न नेपाल प्रहरीसँगको सहकार्यमा सिसिटिभी जडान गर्ने कार्यलाई निरन्तरता दिइनेछ । ट्राफिक प्रहरी कार्यालयसँगको समन्वयमा सवारी पार्किङ र ट्राफिक लाइट व्यवस्थापनलाई चुस्त बनाइनेछ । महानगर क्षेत्रभित्र सम्भाव्य खुला पार्किङ स्थलको पहिचान गरी डिजिटल पार्किङ व्यवस्थापन गरिनेछ ।



Scanned with CamScanner

१०४. फेवातालमा सञ्चालन हुने अन्तर्राष्ट्रिय ड्रागन बोट रेस, ट्रायोथलन, स्ट्रिम ट्रायोथलन, बेगनास तालमा हुने राष्ट्रिय ड्रागन बोट रेस, क्रस कन्ट्री दौड, इन्ड्युरो साइकल रेस, प्याराग्लाइडिङ लगायत अन्तर्राष्ट्रिय प्रतियोगिताहरूलाई मैत्री खेलका रूपमा रूपमा विकास गरी निरन्तरता दिइनेछ ।

१०५. पर्यटकीय राजधानी पोखराको सौन्दर्यीकरण अन्तर्गत मुख्य सडकहरूमा टेक्टाइल मार्ग स्पर्श साङ्केतिक मार्ग निर्माण र सडक सरसफाइ कार्यक्रमलाई निरन्तरता दिइनेछ । पुराना तथा ऐतिहासिक महत्त्वका चौतारी, मठमन्दिर र पोखरीहरूको संरक्षण एवं सम्वर्द्धन अभियान सञ्चालन गरिनेछ । सम्पूर्ण सम्पदाहरूको परिचय खुल्ने गरी क्युआर स्क्यान मार्फत अध्ययन गर्ने व्यवस्था मिलाइनेछ ।

१०६. पोखरालाई स्वच्छ हराभरा बनाई हरित सहरका रूपमा विकास गर्न Clean City Green City परियोजना सञ्चालन गरी वृक्षारोपण तथा संरक्षण अभियानलाई निरन्तरता दिइनेछ । पोखरा अन्तर्राष्ट्रिय विमानस्थलको नियमित सञ्चालन गर्न हालसम्म भएका प्रयासहरूको समीक्षा गर्दै संघ, प्रदेश सरकारसँगको सहकार्य र समन्वयलाई प्रभावकारी बनाइनेछ ।

१०७. महानगर क्षेत्रभित्र पर्ने सबै ताल तलैयाहरूको संरक्षण, विकास र प्रवर्द्धनको लागि एकीकृत विकास आयोजना तथा कार्यक्रम अघि बढाइनेछ । फेवा, बेगनासताल लगायत ताल तलैयाहरूको जलाधार क्षेत्रमा प्राकृतिक श्रोतहरू तथा पञ्चासे कालीलेक लगायतका जैविक विविधताको दृष्टिकोणले महत्वपूर्ण ताल तलैया लगायत क्षेत्रहरूको दिगो संरक्षण तथा प्रवर्द्धनका लागि प्रकृतिमा आधारित समाधान (Nature Based Solution) तथा पारिस्थितिक प्रणालीमा आधारित अनुकूलन ( Ecosystem Based Adaption) प्रणाली अवलम्बन गरिनेछ ।

१०८. संघ, प्रदेश तथा स्थानीय संघसंस्थाहरुसँगको सहकार्य, समन्वय तथा सहयोगमा शान्ति, सुरक्षा, स्तरीय पूर्वाधार तथा पर्यटकीय सेवाको व्यवस्थापकीय क्षमता अभिवृद्धि गरी पोखरालाई उत्कृष्ट पर्यटकीय राजधानीका रूपमा स्थापित गर्न आवश्यक कार्य गर्दै लगिनेछ ।

१०९. **पोखरा भ्रमण वर्ष-२०२५** लाई थप प्रभावकारी बनाउन प्रवर्द्धनात्मक कार्यक्रमहरुलाई निरन्तरता दिइनेछ । **प्रकृतिमा हराउनुहोस, संस्कृतिमा रमाउनुहोस्** भन्ने मान्यताका साथ Slow Tourism प्रवर्द्धन गर्दै आकर्षक टुर प्याकेज तयार गरी पोखरालाई प्राकृतिक, सांस्कृतिक र साहसिक पर्यटन गन्तव्यको रूपमा विकास गरिनेछ । पोखरालाई आरोग्य र ध्यान पर्यटनको आकर्षक स्थलको रूपमा प्रवर्द्धन गरिनेछ । टुर गाइडहरूको क्षमता अभिवृद्धि तथा परिचालन गरी पर्यटन क्षेत्रलाई आयआर्जन, रोजगारी र समृद्धिको आधारको रूपमा विकास गरिनेछ ।-दिगो, आय तथा रोजगारमूलक, प्रविधि र वातावरणमैत्री पर्यटन नीति अवलम्बन गरिनेछ ।

११०. दिगो पर्यटन प्रवर्द्धन गरी आय वृद्धि गर्न गुणस्तरीय पर्यटनमा जोड दिइनेछ । महानगरका प्रमुख पर्यटकीय क्षेत्रहरूमा सञ्चालनमा रहेका होटलहरुको क्षमता विकासका लागि पहल गरिनेछ । पर्यटकहरूको सेवाका लागि दक्ष पथप्रदर्शकहरू उत्पादनमा जोड दिइने छ ।



Scanned with CamScanner

१११. सहरी सुन्दरता अभिवृद्धि गर्न घना वस्ति क्षेत्रमा रहेका वर्कसप र कवाडी सङ्कलन केन्द्रहरूलाई निश्चित क्षेत्र तोकी स्थानान्तरण गर्न सहुलियत प्रदान गरिनेछ । तोकिएको अवधि र क्षेत्रमा स्थानान्तरण नगर्ने व्यवसायीहरूलाई कानुनी दायरामा ल्याइनेछ ।

११२. पोखरा-१०, रामघाटमा निर्माण भएको शवदाहगृहलाई सहरी विकास मन्त्रालयसँग समन्वय गरी हस्तान्तरणको व्यवस्था मिलाइनेछ । राम घाट क्षेत्रमा भइरहेको अव्यवस्थित शव दहन कार्यलाई कानुनी व्यवस्था मिलाई व्यवस्थित गरिनेछ । नगर क्षेत्रका अन्य घाटहरूलाई समेत दाहसंस्कारमैत्री बनाइनेछ ।

११३. पोखरा महानगरपालिका भित्रका ग्रामीण सडकहरूको दायाँबायाँ सम्भाव्य स्थानमा अम्रिसो तथा डाले घाँस, निगालो र बाँस लगायत बिरुवाहरू लगाई पहिरो तथा माटोको क्षयीकरण रोकिनेछ । ग्रामीण क्षेत्रका वडाहरूमा विकासका विशेष प्याकेजहरू सञ्चालन गरिनेछ ।

११७. सहरी सौन्दर्ययतामा आँच आउने गरी होर्डिङ बोर्डहरू राख्ने कार्यलाई निरुत्साहन गरिनेछ । प्लास्टिकजन्य वस्तुहरूको प्रयोगलाई न्यूनीकरण गर्दै वातावरणीय प्रर्दुषण रोकथामलाई प्रोत्साहन गरिने छ । महानगर क्षेत्र भित्र वैकल्पिक इन्धनको उपयोगलाई प्रोत्साहित गर्दै लगिनेछ ।

११४. पोखरा उपत्यकाका तालहरूको संरक्षण, विकास र समुचित उपयोगका लागि अधिकार सम्पन्न पोखरा ताल विकास प्राधिकरण गठन गरिनेछ । पोखराको लाइफलाइनको रूपमा रहेका तालहरूलाई संरक्षण तथा विकासमा क्रियाशील बनाउँदै दिगो समाधानमा प्राधिकरणलाई प्रभावकारी परिचालन गरिनेछ ।

११५. पोखराको पहिचान बोकेका तालहरूलाई विगत ३०/४० वर्षअघिको अवस्थामा फर्काउन अत्याधुनिक प्रविधिको प्रयोग गरी तालहरूको सरसफाइ गरिनेछ । तालमा रहेका लेउ र जलकुम्भी झार नियन्त्रणका लागि निजी क्षेत्रसँग सहकार्य गर्दै आगामी आर्थिक वर्षदेखि पाइलट परियोजना सुरु गरिने छ ।

११६. तालहरूमा जलकुम्भी झारको अतिक्रमण नियन्त्रण गर्न निजी क्षेत्रको सहकार्यमा व्यवस्थित चक्रीय अर्थतन्त्रको योजना कार्यान्वयन गरिनेछ । निकालिएको जलकुम्भीबाट निजी क्षेत्रको सहकार्यमा सीमान्तकृत समुदायलाई सीपमूलक तालिम प्रदान गरी हस्तकला सामग्री उत्पादन तथा रोजगारी सृजना गरिनेछ । यस्ता उत्पादनलाई निजी क्षेत्रको सहकार्यमा महानगरको **कोसेली घर** तथा स्थानीय बजार मार्फत बिक्री-वितरण गरी स्थानीय अर्थतन्त्र सुदृढ गरिनेछ ।

११७. दाउराको प्रयोग न्यूनीकरण गरी वातावरण संरक्षण गर्न यस्ता घरपरिवारलाई इन्डक्सन चुलो वितरण गरिनेछ । विभिन्न गैरसरकारी तथा निजी निकायसँगको समन्वयमा १५ एम्पियरको विद्युतीय वायरिङ र ट्रान्सफर्मर व्यवस्थापनमा सहुलियत प्रदान गरी वायु प्रदूषण न्यूनीकरण र स्वच्छ ऊर्जा उपयोगलाई प्रोत्साहन गरिनेछ । जैविक फोहोर व्यवस्थापन, स्वच्छ ऊर्जा उत्पादन र ग्रामीण



Scanned with CamScanner

अर्थतन्त्रलाई सुदृढ बनाउन पशुपालन गर्ने किसानलाई उन्नत बायो ग्यास प्रविधि प्रदान गर्न प्रोत्साहन गरिनेछ।

११८. पोखराको पर्यटन क्षेत्रलाई विविधीकरण गरी पर्यटकको संख्या बढाउन पोखरामा माइस टुरिजमको प्रवर्द्धन गरिनेछ । पोखरालाई राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कार्यक्रमहरूको हबको रूपमा विकास गर्दै आर्थिक वृद्धि र विश्वव्यापी दृश्यतामा योगदान पुर्‍याउने नीतिका साथ यस्ता कार्यक्रमहरू आयोजना गर्न प्रोत्साहन गरिनेछ ।

११९. सहरी क्षेत्रमा हुने ट्राफिक जाम कम गर्दै क्षेत्रीय कनेक्टिभिटी बढाउन सन्तुलित सहरी विकासको अवधारणा अनुरूप पोखरा चक्रपथ निर्माणका लागि सम्भाव्यता अध्ययनको कार्य आरम्भ गरिनेछ। पोखरा चक्रपथ निर्माण योजनालाई महानगर गौरवको योजनाका रूपमा प्राथमिकता साथ क्रमशः कार्यान्वयन गरिनेछ ।

१२०. सार्वजनिक यातायात सेवालाई सवारी साधनको मापदण्ड कायम गरी एकद्धार प्रणालीमा सञ्चालनको व्यवस्था मिलाइनेछ । नगर क्षेत्रमा चल्ने सार्वजनिक सवारी साधानहरु वातावरणमैत्री (इलेक्ट्रोनिक सवारी) सवारी साधन मात्र दर्ता हुने गरी आवश्यक कानुनी व्यवस्थाका लागि प्रदेश सरकारसँग समन्वय गरिनेछ ।

१२१. जग्गा नाप जाँच (हालसाबिक) गर्ने कार्य समयमा नै सम्पन्न नहुँदा नागरिकलाई पर्न गएको असुविधालाई मध्यनजर गरी लेखनाथ क्षेत्रतर्फ हालसाबिक गर्ने कार्य संघीय कार्यालयसँगको साझेदारीमा अगाडी बढाइनेछ ।

१२२. आवधिक योजनालाई वार्षिक बजेटसँग तादम्यता मिलाउन मध्यमकालीन खर्च संरचना र आयोजना बैङ्क दिग्दर्शन स्वीकृत गरी लागु गरिनेछ ।

१२३. आवधिक योजनाको लक्ष्य प्राप्तिका लागि वार्षिक विकास कार्यक्रम तर्जुमा गर्ने, विनियोजन दक्षता वृद्धि गरी तयारी पूरा भएका आयोजनामा मात्र बजेट विनियोजन गर्ने समेतका योजना व्यवस्थापन कार्यका लागि आयोजना बैङ्क स्थापना गरी कार्यान्वयनमा लगिनेछ ।

१२४. सुदृढ परियोजनाको सहयोगमा तयार भएको जोखिम सवेदनशील भू-उपयोग योजना क्रमशः कार्यान्वयन गरिनेछ ।

१२५. नदी तथा खोलाहरूमा नदीजन्य सामाग्रीहरू सङ्कलन गर्दा अत्याधिक दोहनका कारण भूक्षय बाढी पहिरो जस्ता जोखिम बढ्दै गइरहेकाले वातावरणीय अध्ययन प्रतिवेदन औंल्याएका सबै क्रियाकलाप अनिवार्य कार्यान्वयन गर्ने व्यवस्था मिलाउनुका साथै प्रभावकारी नियमन गरिनेछ ।



पत्र

१२६. पोखराको सभ्यताको रुपमा रहेको सेतिनदि गल्छीको पारिस्थितिक प्रणालीको अध्ययन गरी उचित संरक्षण र दिगो उपयोग गर्ने नीति लिइनेछ । पोखरा महानगरपालिका अन्तरगत रहेका सहरी, सामुदायिक लगायत सबै प्रकारका वनहरूको उचित व्यवस्थापन र दिगो उपयोग गर्ने नीति लिइनेछ।

१२७. महानगर भित्रका न्यून आय भएका नागरिकको सुरक्षित तथा व्यवस्थित आवास निर्माणका लागि आवास निर्माण कार्यक्रमलाई निरन्तरता दिइनेछ । Afordable Housing Project अन्तर्गत न्यून आय भएका परिवारहरूका लागि बहु-तल्ले सस्तो आवास निर्माण गरिनेछ । यसका लागि बैङ्क सहुलियत कर्जा र सार्वजनिक-निजी साझेदारी (PPP) मोडेल मार्फत वित्तीय पहुँचको व्यवस्था गरिनेछ ।

१२८. Pokhara Retired Cife Apartment Scheme अन्तर्गत पोखरालाई आन्तरिक तथा अन्तर्राष्ट्रिय रिटायर्ड नागरिकहरुको लागि सुरक्षित, स्वास्थ्यमैत्री र जीवनशैली अनुकूल Retirement City Hub का रूपमा विकास गरिनेछ । अपाङ्गमैत्री र सीनियर सिटिजन मैत्री अपार्टमेन्टमा Mini Health Center, २४ घण्टा हेल्थ हेल्पलाइन, योग, ध्यान, व्यायाम हल, पुस्तकालय, Roof Garden, Walking Trail र सेवा सुविधाहरु समावेश गरिनेछन् ।

१२९. योग, ध्यान, आयुर्वेदिक मसाज र अर्गानिक खाद्य प्याकेज सहित पोखरालाई Wellness Tourism Hub को रुपमा विकास गरी स्वास्थ्य पर्यटन प्रवर्द्धन र पोखरालाई अन्तर्राष्ट्रिय Wellness Destination का रूपमा स्थापित गर्न निजी क्षेत्रको साझेदारीमा आधुनिक Wellness Center स्थापना गरिनेछ । आन्तरिक तथा बाह्य पर्यटकहरुलाई ध्यान र प्राकृतिक उपचारका लागि वार्षिक रुपमा Pokhara Wellness Retreat कार्यक्रम आयोजना गरिनेछ ।

१३०. पोखराको मुख्य बजार क्षेत्रमा पार्किङको समस्या समाधान गरी शहरलाई व्यवस्थित र ट्राफिकमैत्री बनाउन Multi–Layer Smart Parking System अन्तर्गत व्यस्त शहरी क्षेत्रमा बहु-तल्ले स्मार्ट पार्किङ्ग भवनहरूको निर्माण प्रक्रिया सुरु गरिनेछ । भूमिगत तल्ला वा भूँइ तल्लामा पार्किङ वा भण्डारण जुन प्रयोजनका लागि स्वीकृति लिएको हो, सो बाहेक अन्य प्रयोजनमा प्रयोग गर्न नपाइने व्यवस्था कडाइका व्यवस्था लागु गरिनेछ ।

१३१. पोखराको यातायात सेवा र ट्राफिक व्यवस्थापनलाई चुस्त बनाउन Smart Public Transport Management System, Traffic Education & Road Safety Campaign, Smart Traffic Monitoring र सवारी प्रदूषण परीक्षण कार्यक्रमहरू प्रभावकारी रूपमा लागू गरिनेछ। पोखरालाई पर्यटकमैत्री स्मार्ट सिटीको रूपमा विकास गर्न Pokhara Smart Tourist App सञ्चालनमा ल्याईनेछ ।

१३२. विचार, स्रोत, अनुभव र सहकार्यको सेतुको रूपमा पोखराको दिगो विकासमा सहयोगका लागि पोखराका सरोकारवाला, विदेशमा स्थापित पोखरेली, पोखरा भ्रमण गरेका विज्ञ बाह्य नागरिक तथा बिज्ञहरुको सहभागितामा Pokhara Development Forum आयोजना गरिनेछ । हाल



Scanned with CamScanner

सञ्चालित विकास साझेदार संस्थासँगको सम्बन्धलाई थप व्यवस्थित गर्दै थप लगानि भित्र्याउन पहलकदमी लिईनेछ ।

१३३. शहरी तापमान नियन्त्रण, हरियाली प्रवर्द्धन र सौन्दर्यकरणका लागि निजी तथा सार्वजनिक भवनको छाना र भित्ता, हरियाली छाना, हरियाली भित्ता (Green Roof, green wall) निर्माण प्रोत्साहन गरिनेछ । नमुनाका रुपमा Green Roof ,Green wall बनाउनेलाई पुरस्कृत गर्ने नीति लिईने छ । जलवायु अनुकुलनमैत्री शहर निर्माणका लागि आवश्यक पहल गरिने छ ।

**आर्थिक विकास/कृषि तर्फ :**

१३४. **'उत्पादनमा वृद्धि, महानगरको समृद्धि'** भन्ने अवधारणा अनुरूप कृषिको आधुनिकीकरण, विशिष्टीकरण, विविधीकरण र व्यवसायीकरण गरिनेछ । कृषि तथा पशुपन्छीजन्य उत्पादनमा आत्मनिर्भरता बढाउँदै खाद्य सुरक्षा र कृषकको आम्दानी वृद्धिमा जोड दिइनेछ । कृषकहरूलाई उत्पादनमा आधारित प्रोत्साहन प्रदान गरिनेछ ।

१३५. भूमि वर्गीकरण, भूमि बैङ्क र वित्तीय पहुँचः भू उपयोग एन र नियमावली अनुसार भूमि वर्गीकरण गरिनेछ । भूमि बैङ्कमार्फत जमिनको उपलब्धता सुनिश्चित गर्दै लगानी वृद्धिको लागि कृषि ऋणमा लाग्ने ब्याजमा ५० प्रतिशत सहुलियत उपलब्ध गरिनेछ ।

१३६. खेतीयोग्य गह्रा बनाऔँ हराभरा अभियानका साथ हिउँदे बाली (गहुँ, तोरी, आलु, चैते धान, तरबुजा) को क्लस्टरमा खेती गरिनेछ । पोखरा महानगरपालिकाभित्र सिँचाइ क्षेत्र विस्तार गर्दै थोपा, प्लास्टिक पोखरी, लिफ्ट, कुलो र पाइप सिँचाइमार्फत वर्षभरि भरपर्दो सामूहिक पहुँच बढाई बाली सघनता वृद्धि गरिनेछ । पहाडी तथा काष्ठफल फलफूल आयोजनाको साझेदारीमा सुन्तला, कागती, मेकाडेमिया नट, एभोकाडो आदिको क्षेत्र विस्तार गरिनेछ ।

१३७. प्रभावकारी सूचना, प्रविधि, सञ्चार गर्दै कृषि प्रसारको लागि डिजिटल कृषि प्रणाली अवलम्बन गरिनेछ । उत्पादन पकेट क्षेत्रमा कृषि तथा पशुपन्छी सेवा प्राविधिकको व्यवस्था गरिनेछ । किसान सूचीकरण कार्यलाई अभियानको रूपमा सञ्चालन गरिनेछ र सेवा प्रवाहमा जोडिनेछ ।

१३८. दिगो कृषिको आधारका रूपमा प्राङ्गारिक खेतीको विस्तारका लागि प्राङ्गारिक पकेट स्थापना र वातावरणमैत्री सहरी कृषिमा जोड दिइनेछ । माटोको जैविक गुणस्तर कायम राख्न प्राङ्गारिक मल उत्पादन तथा प्रयोगलाई प्रोत्साहन गर्दै, रासायनिक मल र विषादीको प्रयोगलाई नियमन गरी मानव स्वास्थ्य र जैविक विविधताको संरक्षण गरिनेछ । रैथाने बाली, बीउ, नस्ल र कृषि जैविक विविधताको संरक्षणलाई प्राथमिकता दिइनेछ ।



Scanned with CamScanner

१३९. कृषियोग्य भूमिको संरक्षण, बाँझो जमिनको उपयोगलाई प्रोत्साहन गरिनेछ । आकस्मिक रोग कीरा, प्राकृतिक बिपद तथा जङ्गली जनावरबाट हुने क्षति न्यूनीकरण तथा व्यवस्थापनमा सहयोग गरिनेछ । भूमि बैङ्को व्यवस्थालाई प्रभावकारी रुपमा सञ्चालन गरिनेछ ।

१४०. कृषि उत्पादनको बजारीकरणलाई प्रभावकारी, पारदर्शी र दिगो बनाउन उत्पादकदेखि उपभोक्तासम्म खाद्य आपूर्ति शृंखलालाई सुदृढ गरिनेछ । उत्पादन स्थलमा कृषि उपज सङ्कलन केन्द्र र पोखरा महानगरपालिका भित्र किसान बजार र साझेदार बजार सञ्चालन गरी स्थानीय उत्पादनलाई प्रोत्साहन गरिनेछ ।

१४१. कृषि उपजको न्यूनतम समर्थन मूलयमा आधारित कार्यक्रम मार्फत व्यवसायीक जोखिम कम गर्दै बजार सुनिश्चित गरिनेछ । कृषि सामग्री, कृषि उपजको उचित मूलय र बजारमा पहुँचका लागि डिजिटल कृषि बजार व्यवस्थापन प्रणाली थप सुदृढ गरी रैथाने बालीको उत्पादन र बजारीकरणलाई प्रवर्द्धन गरिनेछ ।

१४२. ताजा उत्पादनको गुणस्तर कायम राख्न श्री कम्प्लेक्सको साझेदारीमा कोल्ड चेन प्रविधि सहितको बजार सञ्चालन गरी उत्पादन उपरान्त हुने क्षति कम गरिनेछ । कृषि एम्बुलेन्स मार्फत ग्रामीण क्षेत्रबाट नियमित उपज सङ्कलन गरी उपभोक्तासम्म पुऱ्याउने कार्यलाई निरन्तरता दिइनेछ । छिमेकी पालिकाहरुमा उत्पादन भएका स्थानीय उत्पादन बजारीकरणका लागि जोड्ने विस्तृत नीति तयार गरी कार्यान्वयन गरिनेछ ।

१४३. **'पशुजन्य उत्पादनमा वृद्धि, आर्थिक उपार्जन सहितको समृद्धि'** भन्ने मान्यताका साथ स्वच्छ मासु तथा दूध उत्पादनमा आत्मनिर्भरताको लागि फर्म सुदृढीकरण कार्यक्रम सञ्चालन गर्दै पशुपन्छीको रोग निवारणको लागि नि:शुल्क खोप तथा औषधि उपलब्ध गराइनेछ ।

१४४. पशुपन्छी पालन व्यवसायको प्रवर्द्धन र संवर्द्धनको लागि पशु नस्ल सुधार, आहारा व्यवस्थापन र बाँझो जमिनमा घाँस खेती बिस्तार गर्न प्रोत्साहन गरिनेछ । बङ्गुर पालन व्यवसायलाई पुनर्स्थापनाको लागि बङ्गुर पकेट कार्यक्रम सञ्चालन गरी उत्पादन प्रविधि र जैविक सुरक्षाको लागि असल अभ्यास कार्यक्रम सञ्चालन गरिनेछ ।

१४५. **'तपाईं हाम्रो रहर, स्वच्छ महानगर'** भन्ने मान्यताका साथ मुख्य सहरी क्षेत्रमा पर्ने वडाका घना बस्तीहरुमा घरायसी फोहरको व्यवस्थापन गरी कम्पोस्ट मल बनाइ कौसी खेती प्रवर्द्धन गरिनेछ ।

१४६. पोखरा-१४ बाच्छिवुडुवा स्थित पुष्करिणी परोपकार गोकुल धाम (गौशाला) को स्तरोन्नति गरी छाडा पशु व्यवस्थापन/संरक्षण गरिनेछ । सहरी सौन्दयकिरण र सडक सुरक्षालाई मध्यनजर गरी सामुदायिक कुकुरको नियन्त्रणका लागि बन्ध्याकरण तथा घरपालुवा कुकुर दर्ताका लागि माइक्रो चिप्स प्रविधिको प्रयोग र भ्याक्सिनेसन अभियान प्रभावकारी रुपमा सञ्चालन गरिनेछ । साझेदारीमा कुकुर होस्टेल सञ्चालन गरिनेछ ।



Scanned with CamScanner

१४७. राष्ट्रिय सहकारी नियमन प्राधिकरणसँग समन्वय गरी महानगरपालिका भित्र सञ्चालित सहकारी संस्थाहरूमा देखिएका समस्या समाधान गरिनेछ । समस्याग्रस्त सहकारीको लागि व्यवस्थापन समिति गठन गरी परिचालन गरिनेछ ।

१४८. सहकारी तथ्याङ्क व्यवस्थापनलाई प्रभावकारी बनाउन विद्युतीय सूचना प्रणालीको मापदण्ड कायम गर्दै सहकारी तथा गरिबी निवारण सम्बन्धी व्यवस्थापन सूचना प्रणालीको स्तरोन्नति गरिनेछ ।

१४९. सहकारी क्षेत्रको लगानीलाई उत्पादनशील क्षेत्रतर्फ आकर्षित गर्न एक सहकारी एक उत्पादन कार्यक्रम सञ्चालन गरिनेछ । सहकारीको सूचकमा आधारित अनुगमन तथा नियमन गरिनेछ । सहकारीको क्षमता अभिवृद्धि गरी विकास साझेदारको रूपमा विकास गरिनेछ । सहकारी संस्थाहरूको प्रवर्द्धन र नियमनमा प्रभावकारिता ल्याउन एकीकृत विद्युतीय व्यवस्थापन सूचना प्रणाली COPOMIS व्यवस्थित गरिनेछ ।

१५०. **'स्थानीय उत्पादनमा वृद्धि, रोजगारी सिर्जना र महानगरको समृद्धि'** को अवधारणामा स्थानीय उत्पादन प्रवर्द्धन तथा प्रोत्साहन कार्यक्रम सञ्चालन गरिनेछ । स्थानीय कच्चा पदार्थमा आधारित उद्यमशीलता र स्थानीय व्यापारलाई आधार बनाई साना तथा घरेलु उद्योगको विकासलाई प्रोत्साहन गरिनेछ ।

१५१. महानगरपालिकामा श्रम सल्लाहकार समिति गठन गरी अनौपचारिक क्षेत्रमा कार्यरत श्रमिकको सूचीकरण गर्न र सामाजिक सुरक्षा कोषमा आबद्ध गर्न सम्बद्ध निकायसँग सहकार्य गरिनेछ । श्रमिकको व्यवसायजन्य सुरक्षा र स्वास्थ्यलाई कार्यस्थलमा कडाइका साथ कार्यान्वयन गर्न प्रभावकारी नियमन गरिनेछ ।

१५२. नवप्रवर्तनमा आधारित स्टार्टअप उद्यमीलाई प्रोत्साहन गर्न स्टार्टअप कर्जा कार्यक्रमलाई विस्तार गरिनेछ । प्रदेश सरकार एवम् निजी क्षेत्रसँगको समन्वय र सहकार्यमा स्टार्टअप उद्यमीहरूलाई व्यवसाय संवर्धन, क्षमता अभिवृद्धि, बजारीकरण र मूल्य शृंखला निर्माण गर्न Business Incubation Centre स्थापना र सञ्चालन गरिनेछ ।

१५३. E-Commerce मार्फत व्यापारको विकास गरिनेछ । बौद्धिक सम्पत्तिको संरक्षण तथा नवप्रवर्तन प्रवर्द्धन गरिनेछ । उद्यमशीलता र रोजगार प्रवर्द्धनात्मक कार्यक्रमहरू सचालन गरिनेछ। इन्टर्नसिपलाई स्टार्टअपमा संलग्न गर्न कार्य घण्टामा आधारित ज्याला प्रणाली लागू गर्न प्रोत्साहन गरिनेछ ।

१५४. श्रम बजारको मागअनुसार सीपयुक्त जनशक्ति तयार गर्न विभिन्न तालिम प्रदायक निकायसँग समन्वय गरिनेछ । स्थानीय कच्चा पदार्थमा आधारित उद्योगलाई विस्तार, विकास र आधुनिकीकरण गरिनेछ। रोजगार बैङ्कको स्थापना गरी रोजगारी सम्बन्धी सूचनाको डिजिटल अभिलेखीकरणको लागि पोखरा रोजगार एप्स मार्फत व्यवस्थित गरिनेछ ।



Scanned with CamScanner

१५५. 'मेक इन पोखरा र मेड इन पोखरा' अभियानको लागि स्थानीय स्तरमा उत्पादित वस्तुको ब्राण्डिगंको लागि पोखरेली उत्पादन Product of Pokhara को लोगो लगाई राष्ट्रिय अन्तर्राष्ट्रिय स्तरमा बजारीकरण गरिनेछ । व्यवसायको प्रणाली सुधारको लागि नियमित मेन्टरिंग र उद्यम क्लिनिक मार्फत व्यवसायको हेल्थ चेकअप गरिनेछ । आइडिया मार्ट मार्फत प्राप्त आइडीयाहरुलाई व्यवसायमा जोड्न निजी क्षेत्रसँगको साझेदारीमा लगानी सहजीकरण गरिनेछ ।

१५६. उपभोक्ता अधिकारसँग सम्बन्धित संस्थागत व्यवस्थालाई सुदृढ र विस्तार गरिनेछ । कालोबजारी, सिन्डिकेट, कार्टेलिङ जस्ता गतिविधि नियन्त्रण गरी बजारलाई स्वच्छ, प्रतिस्पर्धी र उपभोक्तामैत्री बनाइनेछ । अत्यावश्यक वस्तु सेवाको आपूर्ति सहज बनाउन भण्डारण क्षमता, मूल्य अनुगमन र गुणस्तर नियन्त्रणमा जोड दिइनेछ । यसका साथै, खाद्य गुणस्तर र सुरक्षाको व्यवस्था गर्दै फुटपाथ क्षेत्रमा हुने कृषि वस्तुको बिक्री वितरणलाई नियमन गरिनेछ ।

१५७. स्थानीय उत्पादनको प्रवर्द्धन तथा स्थानीय उत्पादन तर्फ कृषकहरूको आकर्षण वृद्धि गर्न रैथाने बिउ बैक स्थापना गरी आवश्यक बिउ तथा मल वितरणको व्यवस्था गरिनेछ । स्थानीय उत्पादनको खपतलाई बढाउँदै आयातित रसायनजन्य खाद्यान्नको प्रयोगलाई न्यूनीकरण गरिनेछ ।

**वित्त व्यवस्थापन तर्फ :**

१५८. राजस्वका दर न्यूनीकरण गरी दायरा विस्तार गरिनेछ । कर सचेतना कार्यक्रमलाई निरन्तरता दिइने छ । राजस्व प्रणालीलाई प्रविधिको प्रयोग गरी सरल, सहज र विश्वसनीय बनाइनेछ । राजश्व प्रशासनलाई बढी विश्वसनीय र यथार्थपरक बनाउन नेपाल सरकार महालेखा नियन्त्रक कार्यालयले तयार गरेको स्थानीय तह सञ्चित कोष व्यवस्थापन प्रणालीमा समाविष्ट भई आएको राजस्व मोडेल पूर्ण रुपमा लागू गरिने छ । करदातालाई अनलाइन प्रणालीका माध्यमबाट कर भुक्तानीलाई थप व्यवस्थित बनाइनेछ ।

१५९. वडा तहमा करदातालाई कर बुझाउन कुनै असहजता भएमा प्रत्यक्ष सम्पर्क गरी गुनासो सुन्ने, सूचना उपलब्ध गराउने, कर बुझाउन सहजीकरण गर्ने लगायत कार्यका लागि सहायता कक्ष सञ्चालन गरिनेछ । समयमा कर दाखिला गर्ने असल करदाताको पहिचानको लागि असल करदाता स्टिकर प्रदान गरी असल करदाता सम्मान कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

१६०. राजस्व परिचालनलाई प्रभावकारी बनाउन विद्यमान सङ्गठन संरचना अनुसार राजस्व प्रशासनलाई व्यवस्थित गरिनेछ । महानगरपालिका क्षेत्रमा रहेका करदाताहरूको विद्युतीय लगतका लागि पोखरा महानगरपालिकाको छुट्टै एप बनाई सरोकारवाला निकाय तथा संघीय तथा प्रदेश कार्यालयहरूको सहकार्यमा करदाताहरूको विवरण सङ्कलन गर्ने व्यवस्था मिलाइनेछ ।

१६१. पोखरा महानगरपालिकाको विज्ञापन कर ऐन तर्जुमा गरी महानगर क्षेत्र भित्र हुने विज्ञापनलाई करको दायरामा ल्याइनेछ । मुख्य पर्यटकीय क्षेत्रको पर्यटन शुल्क महानगरपालिकाको मातहतमा ल्याई

आन्तरिक राजस्वको स्रोतको रूपमा विकास गरिनेछ । सार्वजनिक यातायात सञ्चालन गर्ने समिति तथा प्रा.लीलाई व्यवसाय करको दायरामा ल्याइनेछ ।

१६२. करदाताले पेस गरेको सम्पत्तिको विवरणलाई अद्यावधिक गरिनेछ । साथै मालपोत तथा नापी कार्यालयसँग समन्वय गरी कर सूचना प्रणाली र भु-सूचना (GIS Based) प्रणालीमा आबद्धता गरी कर नक्साङ्कन (Tax Mapping) प्रविधिको विकास गरिनेछ ।

१६३. महानगर र मातहतका वडा कार्यालय तथा जिल्ला स्थित सरकारी निकायसँग समन्वय गरी कर तथा शुल्कलाई सेवासँग आबद्ध गर्दै लगिनेछ । ठुला करदाता सम्बन्धी राजस्व प्रशासनलाई चुस्त, दुरुस्त र प्रभावकारी बनाउन ठुला करदाता इकाई स्थापना गरिनेछ । राजस्व सङ्कलनमा देखिएको अस्पष्टतालाई समाधान गर्न आवश्यक प्रभावकारी समन्वय गरिनेछ ।

१६४. राजस्व प्रशासन अन्तर्गत कार्यरत कर्मचारीहरूलाई क्षमता विकासका कार्यक्रम सञ्चालन गरिनेछ । राजश्वको ठुलो हिस्सा ओगट्ने आय ठेक्कालाई समय सीमा भित्र व्यवस्थापन गर्न वार्षिक कार्य योजना बनाई प्रभावकारी रूपमा कार्यान्वयन गरिनेछ ।

१६५. जग्गाको मूल्याङ्कन प्रणाली वस्तुनिष्ठ एवम् तथ्यमा आधारित नभएको कारण नगरपालिकाले लगाउँदै आएको सम्पत्ति कर तथा भूमीकर (मालपोत) बापत सङ्कलन हुने राजस्व समेत न्यून हुने गरेकाले करयोग्य सम्पत्तिको पहिचान तथा मूल्याङ्कन विधिमा व्यवस्थित तथा वैज्ञानिक परिपाटीको अवलम्बन गरी सम्पत्ति कर प्रशासनमा समसामयिक सुधार गरिनेछ । यसका लागि जग्गाको न्यूनतम मूल्याङ्कनलाई आधारयोग्य, विश्वसनीय र बजार मूल्यको निकटवर्ती बनाउन मूल्याङ्कनका वस्तुगत आधार र सूचकहरू पहिचान गरी सोही आधारमा जग्गाको न्यूनतम मूल्याङ्कन गर्ने विधि अवलम्बन गरिनेछ ।

१६६. करयोग्य सम्पत्तिको अभिलेख प्रणालीलाई सूचना प्रविधिमा आधारित बनाइने छ । सम्पत्तिको स्वामित्व र अन्य विवरणमा हुने परिवर्तनको अद्यावधिक सूचना प्राप्तिका लागि मालपोत तथा नापी कार्यालयसँग सूचना नेटवर्क स्थापना गरी स्वचालित रूपमा सूचना आदानप्रदान हुने पद्धति क्रमशः स्थापित गर्दै लगिनेछ । करयोग्य सम्पत्तिको अभिलेख र सम्पत्ति कर सङ्कलनको विवरणलाई क्रमशः सूत्र (SUTRA) प्रणालीसँग आबद्ध गरिनेछ । करको दायरामा नआएका र आएर पनि नियमित नभएका करदाताको अभिलेख अद्यावधिक गरी नियमित गराइनेछ ।

१६७. सार्वजनिक खर्चलाई पारदर्शी बनाउन तथा खर्चसँग सम्बन्धित स्रेस्ताहरूको सुरक्षा तथा व्यवस्थापनका लागि स्रेस्ताहरूलाई स्रेस्ता व्यवस्थापन सूचना प्रणालीमा प्रविष्ट गरिनेछ । साथै खर्च र आम्दानीको विवरणलाई डिजिटल प्रणाली मार्फत सार्वजनिक गर्ने व्यवस्था मिलाइनेछ । बेरुजु सम्परीक्षण कार्यलाई प्रभावकारी रूपमा अगाडी बढाइनेछ ।



Scanned with CamScanner

१६८. सबैप्रकारका पेसा व्यवसाय दर्ता तथा नवीकरणलाई व्यवस्थित गर्दै करको दायरामा ल्याइनेछ । भारतीय नागरिकलाई राष्ट्रियता खुल्ने परिचय पत्रका आधारमा व्यवसाय दर्ता गर्न आवश्यक नीतिगत व्यवस्था मिलाइनेछ ।

**योजना अनुगमन तर्फ:**

१६९. उपभोक्ता समितिलाई आयोजना कार्यान्वयन मर्मत सम्भार प्रति जिम्मेवार बनाउँदै लगिनेछ । आगामी आर्थिक वर्षदेखि उपभोक्ता समिति मार्फत सञ्चालन हुने योजनाहरू कानुन बमोजिम दर्ता भएका उपभोक्ता समिति मार्फत कार्यान्वयन गर्ने व्यवस्था मिलाइनेछ ।

१७०. ठुला योजनाहरूको गुणस्तरीयता कायम गर्न अनुगमन समितिलाई प्रभावकारी परिचालन गरिनेछ। यस्ता आयोजनाहरूको फरफारक गर्दा अनिवार्य रुपमा गुणस्तर परीक्षण अनिवार्य गरिनेछ । अधुरा योजनाहरूको पुरा गर्न आवश्यक स्रोतको व्यवस्था गरिनेछ । स्रोतको चापलाई मध्यनजर गरी अधुरा योजना सम्पन्न नगरी नयाँ आयोजनाहरू थप नगर्ने नीति लिइने छ ।

१७१. विकास आयोजनाहरूको गुणस्तरीयता कायम गर्न कम्तीमा तेस्रो चौमासिक पछि ठेक्का आव्हान, उपभोक्ता समितिसँग सम्झौता नगर्ने गरी आवश्यक नीतिगत व्यवस्था गरिनेछ । उपभोक्ता समितिको सहभागिता न्यून हुने आयोजनाहरू उपभोक्ता समिति मार्फत कार्यान्वयन गरिने छैन ।

१७२. महानगर स्तरीय एकीकृत तथ्याङ्क प्रणाली विकास गर्न डाटा हब निर्माण गरिनेछ । वडा कार्यालयहरू/महाशाखाहरूबाट नियमित तथ्याङ्क सङ्कलन र भण्डारणको व्यवस्था मिलाइ अभिलेख तथा तथ्याङ्कको प्रयोग सुनिश्चित गरिनेछ । आगामी आर्थिक वर्षमा पोखरा महानगरपालिकाको समग्र तथ्याङ्क प्रणालीलाई व्यवस्थित गर्न तथ्याङ्क ऐन तर्जुमा गरी लागु गरिनेछ ।

१७३. पर्याप्त पूर्व तयारी भएका र आर्थिक तथा प्राविधिक रुपमा सम्भाव्य आयोजना वा कार्यक्रम मात्र छनौट भएका छन्, भन्ने वस्तुगत आधार विना नै रकम विनियोजन गर्ने पद्धतिले विनियोजित रकम खर्च भएर पनि प्रतिफल प्राप्त हुन नसक्ने, अधुरा वा बिचमा छोड्नुपर्ने आयोजनाको संख्या बढ्दै जाने र यसबाट सार्वजनिक स्रोतको जबाफदेही उपयोगमा प्रश्न चिन्ह खडा हुने समस्या आम रूपमा अनुभूत गरिएको छ । यस समस्याको निराकरणका लागि महानगरपालिकाबाट गरिने सार्वजनिक लगानीलाई वित्तीय अनुशासन, विनियोजन कुशलता र खर्चमा दक्षता अभिवृद्धि गरी नतिजामुखी बनाउन विद्यमान योजना प्रणाली सुधारमा विशेष जोड दिइनेछ ।

१७४. नतिजामुखी सार्वजनिक लगानीको सुनिश्चितताका लागिं आर्थिक, सामाजिक, प्राविधिक र वातावरणीय दृष्टिले कार्यान्वयनयोग्य आयोजना पहिचान, छनौट र प्राथमिकीकरण गर्ने आयोजना



Scanned with CamScanner

बैङ्क पद्धतिको कार्यान्वयन मार्फत आयोजना छनौट प्रणालीलाई नियमबद्ध र तथ्यमा आधारित बनाई पुँजीगत लगानीमा विनियोजन दक्षता अभिवृद्धि गर्न र प्रतिफल सुनिश्चित गर्न जोड दिइनेछ ।

१७५. लैङ्गिक तथा जलवायुमैत्री मध्यम कालीन खर्च संरचना मार्फत आवधिक योजनालाई वार्षिक बजेटसँग आबद्ध गरी उपलब्ध स्रोत साधनलाई आवधिक योजनाले निर्धारण गरेका प्राथमिकता अनुरुप परिचालन गर्ने पद्धतिलाई संस्थागत गर्दै लगिनेछ ।

**सञ्चार, सूचना तथा प्रविधि तर्फः**

१७६. नागरिकको विचार तथा अभिव्यक्ति स्वतन्त्रता, सञ्चार र सूचनाको हक प्रत्याभूत गर्दै, सूचना तथा सञ्चार क्षेत्रको सबलीकरण, दिगो व्यवस्थापन, सुरक्षित र विश्वसनीय प्रयोग मार्फत समग्र सञ्चार क्षेत्रलाई सार्वजनिक सेवाका रुपमा सक्षम बनाउने नीति लिइनेछ । एकीकृत रुपमा सञ्चार तथा सूचना क्षेत्रको नियमनलाई व्यवस्थित गर्न महानगरपालिकाको सञ्चार ऐन तर्जुमा गरिनेछ ।

१७७. महानगरवासीको सुसूचित हुन पाउने अधिकार सुनिश्चित गरिनेछ । नागरिकहरुलाई सुचित गर्न पत्रपत्रिका, रेडियो, टेलिभिजन र विद्युतीय सञ्चार माध्यम सहित नागरिकको सहज पहुँचमा रहेका सामाजिक सञ्जालहरुको प्रभावकारी उपयोग गरिनेछ । महानगरपालिका क्षेत्रभित्र सञ्चालनमा रहेका सञ्चारमाध्यमहरुलाई महानगरपालिकामा अनिवार्य सुचीकरणको व्यवस्था गरिनेछ ।

१७८. पत्रकारिताको प्राज्ञिक विकास तथा खोज पत्रकारिता प्रोत्साहन, सञ्चारकर्मीहरुको क्षमता अभिवृद्धि र लेखनवृतिका लागि आवश्यक तालिम तथा प्रशिक्षण कार्यक्रमहरुमा साझेदारी गरिनेछ । सम्बद्ध सरोकारवालासँगको सहकार्यमा पत्रकार कल्याणकारी कोषको प्रभावकारी परिचालन गरिनेछ। साना लगानीका स्वरोजगार सञ्चारमाध्यमलाई वृत्तपोषण कार्यक्रम मार्फत प्रोत्साहन गरिनेछ। लोककल्याणकारी विज्ञापनका लागि आवश्यक कानुनी व्यवस्था गरी समानुपातिक विज्ञापन वितरण प्रणालीको विकास गरिनेछ ।

१७९. महानगरपालिका क्षेत्रभित्रको ऐतिहासिक, सांस्कृतिक, सामाजिक, पर्यटन तथा आर्थिक पक्षका सूचना, जानकारी र तथ्याङ्क तथा सेवाहरु सार्वजनिक प्रदर्शनका लागि सङ्ग्रहालय/अभिलेखालयका रुपमा सहरी सूचना केन्द्र सञ्चालन गरिनेछ । पृथ्वीचोक स्थित निर्माणाधीन पोखरा घरमा आर्थिक वर्ष २०८२।०८३ भित्र पुस्तकालय, आर्ट ग्यालरी र सुचना केन्द्रको व्यवस्थापन गरिनेछ । पोखरा दर्पण लगायत महानगरपालिकाका प्रकाशनहरुलाई नियमित गरिनेछ । पोखरा महानगरपालिकाका सेवा प्रवाह तथा पोखरा प्रवर्द्धनका लागि श्रव्य दृश्य प्रचार समाग्रीहरु उत्पादन, प्रकाशन र प्रसारणका लागि आवश्यक समन्वय गरिनेछ ।

१८०. पोखरा सिप Pokhara Skill Bank Program अन्तर्गत स्मार्ट सहर निर्माणका लागि आवश्यक डिजिटल र व्यवहारिक सीपहरु Graphic Design, Video Editing, Event Management, Tourism Guide तथा Social Media Management लगायतका युवा पुस्ता लक्षित तालिमहरु



Scanned with CamScanner

सञ्चालन गरिनेछ । यस मार्फत पोखरामा सीपयुक्त, बहुपक्षीय र स्वावलम्बी युवापुस्ता निर्माण गरी स्थानीय विकास र डिजिटल अर्थतन्त्रलाई सशक्त बनाउने अपेक्षा गरिएको छ ।

१८१. मेरो सहरको कथा म भन्छु, Pokhara Storytelling & City Branding by Youth अभियान अन्तर्गत पोखराका जेन जी पुस्तासहित विभिन्न पृष्ठभूमिका युवाहरूलाई आफ्नो सहरका अनुभव, संस्मरण, संस्कार, चुनौती र सपनाहरू आफ्नै शब्द, फोटो, भिडियो वा कला (मल्टिमिडिया स्टोरी) मार्फत प्रस्तुत गर्ने अवसर प्रदान गरिनेछ । यस अभियानले स्थानीय कथालाई उजागर गर्दै सामाजिक सञ्जाल र सञ्चार माध्यम मार्फत साझा गरी पोखराको विविधता, पहिचान र सकारात्मक पक्षलाई उजागर गरी पर्यटन प्रवर्द्धन गर्न सघाउनेछ ।

१८२. युवा परामर्श र करियर परामर्श हब (Youth Mentorship and Career Counseling Hub) अन्तर्गत कक्षा १० को एसइई परीक्षापछि युवाहरूलाई लक्षित गरी करियर काउन्सेलिङ सेवा उपलब्ध गराइनेछ। साथै व्यक्तिगत मार्गदर्शनका लागि Mentorship प्रोग्राम सुरु गरिनेछ । सफल युवा व्यक्तित्वहरूसँग संवाद गर्ने र उनीहरूको सफलताका कथा साझा गर्ने कार्यक्रम आयोजना गरिनेछ, जसले उद्यमी युवाहरूलाई प्रेरणा दिने र नयाँ पुस्तालाई सही दिशामा अगाडि बढ्न सहयोग गर्नेछ । यस कार्यक्रमले लक्षित र योजनाबद्ध रूपमा युवाहरूको समग्र विकास र नेतृत्व क्षमतामा वृद्धि गर्ने उद्देश्य राखिएको छ ।

१८३. Gen/Z International Exchange Program अन्तर्गत पोखरामा भगिनी सम्बन्ध स्थापना भएका सहरहरूका युवा र स्थानीय Gen/Z पुस्ताबिच सांस्कृतिक आदान-प्रदान कार्यक्रम सञ्चालन गरिनेछ। यसबाट यस सहरका Gen/Z पुस्तालाई विभिन्न देशका युवाबिच समझदारी र मित्रता बढाउन सघाउ पुग्नेछ । यस कार्यक्रम अन्तर्गत भगिनी सहरका युवालाई आमन्त्रण गर्ने र हाम्रा युवालाई भगिनी सम्बन्ध कायम भएका सहरहरू पठाउँदा अनुभव आदान प्रदान, संयुक्त परियोजना विकास, साझा धारणा निर्माण र स्टार्टअप सहयोगका अवसरहरू आदान प्रदान गर्न सघाउनेछ, यसले पोखराका जेन जी र युवा पुस्तालाई अन्तर्राष्ट्रिय एक्स्पोजर दिने र विश्वव्यापी सोच विकास गर्न मद्दत गर्नुका साथै पोखराका युवालाई ग्लोबल परिप्रेक्ष्यमा सक्षम र प्रतिस्पर्धी बनाउन महत्वपूर्ण भूमिका खेल्न सघाउने विश्वास लिइएको छ ।

१८४. युवा भविष्यका कर्णधार मात्र होइन बर्तमानका साझेदार पनि हुन्, भन्ने मान्यतालाई मूर्तरूप दिन Pokhara Youth Leadership Lab कार्यक्रम अन्तर्गत युवाहरूलाई नेतृत्व कौशल, सार्वजनिक बोल्ने कला र निर्णय क्षमता अभिवृद्धि गर्न लक्षित तालिमहरू प्रदान गरिनेछ । साथै, सहरका विकाससँग सम्बन्धित विषयमा Discussion Series र युवारकिशोर किशोरी नगर सभा आयोजना गरिनेछ । यसले सहरका युवालाई आफ्नो सहरप्रति अपनत्व जगाई जिम्मेवार, जागरूक र सशक्त बनाई नीति निर्माण प्रक्रियामा सक्रिय सहभागी बनाउने अपेक्षा राखिएको छ ।

१८५. पोखराको विकास र युवा उद्यमशीलतालाई प्रवर्द्धन र सहजिकरणकालागि Pokhara Idea Bank स्थापना गरिनेछ । यस बैङ्क मार्फत पोखराको दिगो विकास, प्रवर्द्धन र युवा उद्यमशीलता स्टार्ट अप आइडिया कालागि स्थानीय नागरिक, युवा, व्यवसायी, विज्ञ र सरोकारवालाबाट नयाँ, रचनात्मक



Scanned with CamScanner

र व्यावहारिक योजनाहरू सङ्ग्रह गरिनेछ । यसले पोखराको भौतिक पूर्वाधार विकास र युवा उद्यमशीलता विकासमा जुनसुकै बेला सबै तहका नागरिकको सक्रिय सहभागिता सुनिश्चित गर्दै बिचार निर्माण र योजना बैङ्को रूपमा संस्थागत संरचना निर्माण गर्ने विश्वास गरिएको छ ।

१८६) नगरपालिका स्थापना भएको ऐतिहासिक दिन २०१६ साल पौष २ गतेलाई आगामी वर्षदेखि नगर स्थापना दिवसका रुपमा मनाइनेछ । नगर स्थापना दिवसका अवसरमा विभिन्न विद्यामा उत्कृष्ट कार्य गर्ने व्यक्ति/व्यक्तित्व/संस्थालाई पोखरेली नवरत्न सम्मान प्रदान गरिनेछ ।

अन्त्यमा, समुन्नत पोखराको आधार, सवल अर्थतन्त्र र पूर्वाधार भन्ने नारालाई सार्थकता प्रदान गर्ने गरी समुन्नत पर्यटकीय पोखरा निर्माणको अभियानमा हातेमालो गर्न आमनगरवासी आमाबुवा, दाजुभाइ तथा दिदीबहिनीहरु, राजनीतिक दल, नागरिक समाज, उद्योगी व्यवसायी, सञ्चारकर्मी लगायत सरोकारवालाहरुमा हार्दिक आव्हान गर्दछु । साझा समृद्धि प्राप्त गर्ने संकल्प सहित पोखरा महानगरपालिकाको १७ औं नगरसभालाई सभ्य र भव्य बनाउन सहयोग गर्नुहुने उपप्रमुख ज्यु, प्रमुख प्रशासकीय अधिकृतज्यु, नगर सभाका सदस्यज्यूहरु, राष्ट्रसेवक कर्मचारी लगायत उपस्थित सम्पूर्ण महानुभावहरू प्रति हार्दिक आभार व्यक्त गर्दछु ।

धन्यवाद ।

धनराज आचार्य

नगर प्रमुख

पोखरा महानगरपालिका

मिति : २०८२।०३।०८ गते आइतबार

पोखरा महानगरपालिका
१७ औं नगरसभामा पोखरा महानगरपालिकाका उपप्रमुख
श्री मन्जुदेवी गुरुङज्यूबाट प्रस्तुत
आर्थिक वर्ष २०८२।०८३ को

# वार्षिक बजेट तथा कार्यक्रम

**श्रद्धेय अध्यक्षज्यू,**

१. पोखरा महानगरपालिकाको यस गरिमामय १७ औं नगरसभामा आर्थिक वर्ष २०८२।०८३ को बजेट तथा कार्यक्रम प्रस्तुत गर्न उपस्थित भएको छु ।

२. संघीयता पश्चात् स्थानीय सरकारको दोस्रो निर्वाचन पश्चात् चौंठो वार्षिक बजेट तथा कार्यक्रम पोखरा महानगरपालिकाको उपप्रमुखको रूपमा प्रस्तुत गर्न पाउँदा गौरवान्वित महसुस गर्दै राजनीतिक आन्दोलनका क्रममा इतिहासका विभिन्न कालखण्डमा राष्ट्रका नाममा शहादत प्राप्त गर्नुभएका ज्ञात/अज्ञात शहीदहरुप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु ।

३. नेपालको संविधानको धारा २३० बमोजिंम प्रस्तुत गर्न लागिएको राजश्व र व्ययको अनुमानलाई संघीयताको जग मजबुत पार्ने, नागरिकलाई सरकारको अनुभूति दिलाउने र समुन्नत पर्यटकीय पोखरा निर्माणको अभियानमा अगाडि बढ्ने प्रभावकारी कदमलाई प्रस्थान विन्दुको रूपमा प्रस्तुत गरेको छु ।

४. समुन्नत पर्यटकीय पोखराको दीर्घकालीन ध्येय र सोच बमोजिम लक्ष्य पूरा गर्न नागरिकको विकास प्रतिको चाहना पुरा गर्दै सबल, सुसंस्कृत र सभ्य सहर निर्माण गर्ने हाम्रो अभीष्ट रहेको छ ।

६. आगामी आर्थिक वर्ष २०८२।०८३ को बजेट तर्जुमा गर्दा नेपालको संविधान, नेपालको दीर्घकालीन विकास लक्ष्य, सोह्रौं योजना, पोखरा महानगरपालिकाको दीर्घकालीन सोच, महानगरपालिकाको दोस्रो पञ्चवर्षीय योजना, मध्यमकालिन खर्च संरचना, नीति तथा कार्यक्रम, कार्यपालिका तथा नगरसभा सदस्यहरू, महानगरपालिकाका विज्ञ सल्लाहकारहरू, राजनीतिक दल, नागरिक समाज एवं विभिन्न क्षेत्रका सरोकारवालाहरूबाट प्राप्त सुझावलाई मुख्य मार्गदर्शनका रूपमा लिएको छु ।

**सभाध्यक्षज्यू,**

७. पोखरा महानगरपालिकाको चालु आर्थिक वर्षको आर्थिक स्थितिको विश्लेषण, नीति र कार्यक्रम प्रस्तुत गरिसकिएको छ । अब म यस सम्मानित सभामा चालु आर्थिक वर्षको बजेट तथा कार्यक्रमको कार्यान्वयन समीक्षा प्रस्तुत गर्ने अनुमति चाहन्छु ।



Scanned with CamScanner

८. चालु आर्थिक वर्षका लागि पोखरा महानगरपालिकाबाट रु.७ अरब ५१ करोड ३२ लाख ८३ हजार बजेट विनियोजन भएकोमा ज्येष्ठ मसान्त सम्म ४ अरब १६ करोड ५२ लाख ६४ हजार खर्च भई सुरु विनियोजनको ५५.४३ प्रतिशत खर्च भएको छ । आर्थिक वर्षको अन्त्यसम्ममा ७५ प्रतिशत खर्च हुने संशोधित अनुमान गरेको छु ।

९. चालु आर्थिक वर्षमा विनियोजित रकम मध्ये आन्तरिक स्रोतबाट रु.१ अरब ५५ करोड ५१ लाख ४0 हजार आन्तरिक राजश्व सङ्कलन गर्ने लक्ष्य लिइएकोमा ज्येष्ठ मसान्तसम्म रु.९६ करोड ७३ लाख ५४ हजार सङ्कलन भई लक्ष्यको तुलनामा ६२.२० प्रतिशत प्रगति भएको छ । गत आर्थिक वर्षको सोही अवधिको तुलनामा ७.७० प्रतिशतले बढी हो ।

१० महानगरको भूगोल, जनघनत्व, सार्वजनिक सम्पत्तिको संरक्षण, फोहोरमैला व्यवस्थापन, मापदण्ड संरक्षण, अवैध संरचना नियन्त्रण, बजार अनुगमन लगायतका कार्यहरू संघीय सरकारको स्वीकृत दरबन्दीबाट पुरा गर्न सम्भव नभएकाले महानगरपालिकाले चालु आर्थिक वर्षमा कार्य बोझ र कार्य चापका आधारमा तर्जुमा गरेको सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण O&M, २०८१ नगरसभाबाट स्वीकृत भई प्रदेश किताब खानामा पद दर्ताको प्रक्रियामा रहेको छ । आगामी आ.वदेखि सङ्गठन तथा व्यवस्थापन सर्वेक्षणले तोकिदिएको सीमाभित्र रही जनशक्ति व्यवस्थापनका कार्यहरू सुरु गरिनेछ।

११. महानगरपालिकामा कार्यरत कर्मचारीहरूको समयानुकूल ज्ञान, सीप र दक्षता बढाउन चालु आ.व.मा महानगरको महाशाखा/शाखा तथा वडाहरूमा कार्यरत विभिन्न तहका कर्मचारीहरूलाई प्रशिक्षण प्रदान गरिएको छ ।

१२. सेवा प्रवाहको अत्यधिक चाप वडा कार्यालयहरूमा रहने गरेको तथ्यलाई आत्मसात् गरी महानगरका ३१ वटा वडा कार्यालयहरू आफ्नै व्यवस्थित भवनबाट सेवा प्रवाह भइहरेको छ । सेवा प्रवाह र विकास निर्माण कार्यमा वडा कार्यालयहरूलाई साधनस्रोतयुक्त, जिम्मेवार र अधिकार सम्पन्न बनाउँदै लगिएको छ ।

१३. विपद् व्यवस्थापन कार्यमा संलग्न विभिन्न वडाका सामुदायिक विपद् स्वयं सेवक र महानगरमा कार्यरत नगर प्रहरी समेतलाई सामुदायिक विपद् स्वयंसेवक तालिम प्रदान गरिएको छ । महानगरपालिका विपद् व्यवस्थापन कोषमा विनियोजित रकमबाट विपदमा परेका नागरिकहरूलाई राहत वितरण गर्नुका साथै विप्बाट क्षतिग्रस्त पूर्वाधारहरू निर्माण गरिएको छ ।

१४. चालु आवमा नगर सभा र नगर कार्यपालिकाबाट ३ वटा ऐन र १ निर्देशिका निर्माण भएको छ । न्यायिक समितिमा चालु आवमा ६७ वटा मुद्दा दर्ता हुन आएकोमा अघिल्लो आ.व.बाट दायित्व सरी आएका समेत गरी ८८ वटा विवादहरू फैसला भएको छ ।

१५. सार्वजनिक सम्पत्तिको संरक्षण, अतिक्रमण नियन्त्रण र बजार अनुगमन तथा नियन्त्रण कार्य प्रभावकारी रुपले कार्यान्वयन गर्न आवश्यक बजेट व्यवस्था गरिएको छ ।



Scanned with CamScanner

१६. चालु आर्थिक वर्षमा पूर्ण खोप सुनिश्चितता, एच.पी.भी.खोप अभियान, घर घरमा नसर्ने रोग सम्बन्धी रोगहरुको स्किनिङ्ग सम्पन्न गर्नुका साथै स्थानीय स्तरमा विभिन्न रणनीति तथा कार्यविधिहरुको निर्माणले संस्थागत मजबुतीको आधार निर्माण गरेको छ ।

१७. स्वास्थ्य क्षेत्रको मानसिक स्वास्थ्य रणनीति, शिशुवा अस्पताल व्यवस्थापन समिति कार्यविधि, आर्थिक खर्च सञ्चालन निर्देशिका, स्वास्थ्य अनुसन्धान, महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकाको प्रोत्साहन कार्यविधि, विद्यालय नर्स कार्यक्रम कार्यविधि लगायत नीतिगत दस्तावेजहरू निर्माण गरिएको छ ।

१८. विभिन्न स्वास्थ्य संस्थाको भवन निर्माण सम्पन्न भई हस्तान्तरण गरिएको छ । निजी मेडिकल कलेजहरुको सहकार्यमा थप स्थानमा सेवा विस्तार गरिएको छ । सेवा प्रवाह र गुणस्तर सुधारका लागि नियमित मातृ शिशु सेवा, VIA स्क्रिनिङ, सुरक्षित गर्भपतन, क्षयरोग उपचार, मानसिक स्वास्थ्य परामर्श सेवा र चार वटा स्वास्थ्य संस्थामार्फत स्वास्थ्य बिमा कार्यक्रम प्रभावकारी रूपमा सञ्चालन गरिएको छ ।

१९. नवजात शिशु मृत्युदर ५ प्रति हजारमा झरेको छ, जुन राष्ट्रिय लक्ष्यभन्दा उत्कृष्ट हो । यद्यपि मातृ मृत्युदर ११९ प्रति लाख जीवित जन्ममा पुगेको छ । यो विगत तीन वर्षको तुलनामा बढ्दो देखिएकाले विशेष ध्यान दिन आवश्यक छ ।

२०. विश्व बैङ्कको सहयोगमा निर्माणाधीन तालचोक-बेगनास ताल सडक, शिशुवा शिसाघाट र बाघमारा-पुँडीटार सडक आगामी आ.व. भित्र सम्पन्न हुने चरणमा रहेका छन् ।

२१. चालु आ.वमा ३१ कि.मी.पक्की सडक, १४ कि.मी.कच्ची सडक निर्माण सम्पन्न भएको छ । लामाचौर-माछापुच्छ्रे सडकको अकला खण्डसम्म सडक विस्तार गरी अस्फाल्ट गरिएको छ । साझादेखि तिबेटीयन क्याम्प सडक र बिपी मार्ग स्तरोन्नति गर्ने कार्य, ढल्केपुल-सिलिङ्गे सडक, काफलघारी-सुर्केमैदान सडक, बुढीबजार खराने सुर्केमैदान सडक जस्ता रणनीतिक महत्वका सडकहरू सम्पन्न हुने चरणमा रहेका छन् ।

२२. हाँडीखोला पुल, खुइतेखोला पुल, खुँदिखोला पुल पहिलो, खुँदिखोला पुल दोस्रो, ठुलो मझुवा पुल गरी पाँच वटा मोटरेवल पुल निर्माण सम्पन्न भई फिर्केपुल पहिलो, फिर्के खोला राधाकृष्ण मार्ग दोस्रो आगामी आ.व.मा सम्पन्न गर्ने गरी कार्य भइरहेको छ ।

२३. चालु आवमा वडा नं.५,८,१७, २७ र ३१ का वडा भवनहरू सम्पन्न भएका छन् । वडा नं.४ बहुउद्देश्यीय भवन, मानव सेवा आश्रम भवन, विन्ध्यवासिनी प्राकृतिक चिकित्सालय भवन, गण्डकी बहु प्राविधिक शिक्षालय भवन, दमकल र नगर प्रहरी भवन निर्माण कार्य सम्पन्न भएका छन् । सशस्त्र प्रहरी बल Diaster Risk Reduction buliding र पोखरा घर निर्माणको कार्य अन्तिम चरणमा रहेका छन् ।



Scanned with CamScanner

२४. चैनपुर-सातमुहाने सहलगानी खानेपानी आयोजना र ओखले खानेपानी आयोजना सम्पन्न भएका छन् । कृष्ति निर्मल पोखरी-भरतपोखरी सहलगानी खानेपानी आयोजना र लामागाउँ खानेपानी आयोजना निर्माणको चरणमा रहेका छन् ।

२५. आपतकालिन अवस्थामा लैङ्गिक हिंसाबाट प्रभावित, मनोसामाजिक समस्या लगायत विभिन्न जोखिमपूर्ण अवस्थामा रहेका महिला, बालिका तथा किशोरीहरू समेत ८५ जनाको उद्धार, राहत तथा पुनर्स्थापनासँगै न्यायमा पहुँच अभिवृद्धि गरिएको छ । दशै प्रकारका अपाङ्गता भएका व्यक्तिहरूलाई लक्षित गरी अपाङ्गता मैत्री कार्यक्रमहरू सञ्चालनमा ल्याइएका छन् । चालु आ.व मा १९४ जना अपाङ्गता भएका व्यक्तिहरूलाई परिचयपत्र वितरण गरिएको छ ।

२६. महानगर माता र महानगर पिताको रूपमा ज्येष्ठ नागरिकहरूको सम्मान तथा आवासीय ज्येष्ठ नागरिक आश्रमहरू र दिवा सेवा केन्द्रहरूलाई आवश्यक सहयोग साथै ज्येष्ठ नागरिक लक्षित स्वास्थ्य शिविरहरू सञ्चालन गरिएको छ । दलित, जनजाति, लैङ्गिक अल्पसंख्यक तथा सीमान्तकृत समुदायलाई लक्षित गरी विविध कार्यक्रमहरू सञ्चालन गरिएको छ ।

२७. नेतृत्व विकास, कानुनी सचेतना, शैक्षिक सहजता जस्ता कार्यक्रमहरूलाई महिला लक्षित गर्दै महिलाको उद्यमशीलता, व्यावसायिकता र आर्थिक सशक्तीकरण तथा क्षमता विकासको लागि रु.१ करोड ३० लाख बजेट लगानी गरिएको छ । चालु आ.व मा महानगर क्षेत्र भित्रका विपन्न तथा मध्यम आय भएका ३२ घरपरिवारको आवास निर्माण तथा मर्मत सम्भार कार्यको लागि रु.१ करोड ५० लाख बजेट परिचालन गरिएको छ ।

२८. नेपालमै पहिलो पटक ३६ वटा कृषि उपजको न्यूनतम समर्थन मूल्य तोकी बजार मूल्य ग्यारेन्टी सुनिश्चित गर्दै किसान घाटामा नजाने सुनिश्चितताका लागि कुल १,३०,६७८ केजी च्याउ, ३,४९३ केजी ब्रोकाउली, ८४,४३३ केजी काउली, २०,९६९ केजी बन्दा, ७२,६८६ केजी गोलभेँडाको समर्थन मूल्य ग्यारेन्टी गरिएको छ ।

२९. कृषि कार्यलाई आधुनिकीकरण गर्न कृषि यान्त्रिकीकरणको लागि १६६ थान हाते ट्र्याक्टरको वितरण गर्न सम्झौता गरिएको छ । साना र सीमान्त किसानलाई आर्थिक सहयोग पुर्याइ परम्परागत गोरु पालन प्रणाली संरक्षण गर्ने, प्राङ्गारिक खेती बढाउने र स्थानीय अर्थतन्त्र सुदृढ बनाउने उद्देश्यका साथ ५५० हल गोरु पालक किसानलाई रु.५५ लाख प्रोत्साहन वितरण गरिएको छ ।

३०. अभियान मुखी हिउँदे खेती प्रवर्द्धन कार्यक्रम अन्तर्गत १५०० रोपनीमा गहुँ तोरी बिस्तार गरिएको छ । सयपत्री फुल प्रवर्द्धन गर्न १ सय ५४ कृषकलाई बिउ वितरण गरिएको छ । चालु आवमा महानगरको २०० रोपनी क्षेत्रमा तरबुजा खेती बिस्तार गरिएकोमा २०० टन उत्पादन भई करिब २ करोड बराबरको कारोबार भएको छ ।

३१. किसानहरूलाई सहज र प्रभावकारी सिँचाई सुविधा, बाली सघनतामा वृद्धि, खेती योग्य जमिन विस्तार र कृषि उत्पादकत्व वृद्धि यस आबमा ४० वटा आयोजना छनौट, १४ वटा प्लास्टिक



Scanned with CamScanner

पोखरी निर्माणका लागि छनौट भई सञ्चालनको क्रममा रहेका छन् । महानगरको ग्रामीण क्षेत्रमा उत्पादन भएका तरकारी तथा फलफूलजन्य उत्पादनहरूलाई गाउँमा नै सङ्कलन गरी कृषि एम्बुलेन्स मार्फत बजार क्षेत्रमा बस्ने उपभोक्ताहरूको घरदैलोसम्म पुर्‍याउने काम गरिएको छ । हालसम्म करिब १०० टन कृषि उपज सङ्कलन तथा बिक्री वितरण गरिएको छ ।

३२. पशुपन्छीका लागि ६५ प्रकारका निःशुल्क औषधि वितरण, खोप तथा कृत्रिम गर्भाधान सेवा, पशुपन्छीमा लाग्ने रोग परीक्षण र नगर क्षेत्रका ५९,५७० पशुको उपचार गरिएको छ । ११,२५७ पशुहरूको रोग निदान गरिएको छ । पशुहरूमा उन्नत नस्लको विकास तथा बिस्तारका लागि कृत्रिम गर्भाधान सेवा प्रदान गरिएको छ । राष्ट्रिय परोपकार महासंघसँगको साझेदारीमा पोखरा १४ वाच्छिवुडुवामा गौशाला व्यंवस्थापन गरिएको छ । नगर क्षेत्रका १५०० कुकुरलाई रेबिज विरुद्धको खोप र १५० कुकुरको वन्धाकरण गरिएको छ ।

३३. बाँझो जमिनमा घाँस प्रवर्द्धनको कार्यक्रम प्रभावकारी रूपमा सञ्चालन गरिएको छ । साझेदारीमा गोठ तथा भकारो सुधार कार्यक्रम अन्तरगत १०० वटा फर्मलाई सहायता प्रदान गरिएको छ । ३ स्थानमा बाख्रा स्रोत केन्द्र र मागको आधारमा यान्त्रीकरणमा सहयोग कार्यक्रम अन्तर्गत ३५ वटा फर्मलाई सहयोग गरिएको छ ।

३४. सहकारीहरूको क्षमता विकास कार्यक्रम अन्तर्गत विभिन्न चरणमा क्षमता अभिवृद्धि तालिम सञ्चालन गरिएको छ । सूचकमा आधारित १०१ सहकारीको अनुगमन पश्चात् आवश्यक सुधारका लागि सुझाव तथा निर्देशन दिइएको छ । बजार अनुगमनको कार्य प्रभावकारी रूपमा सञ्चालन गरिएको छ । समस्याग्रस्त २ सहकारीको वित्तीय विश्लेषण गरी कारबाहीको प्रक्रियामा राखिएको छ ।

३५. व्यवसाय प्रवर्द्धन केन्द्र मार्फत ३२३ जना प्रशिक्षार्थीहरुलाई विभिन्न प्रकारका सीपमूलक तालिमहरू प्रदान गरिएको छ । स्थानीय उत्पादन तथा प्रोत्साहन कार्यक्रम Make in Pokhara, Made in Pokhara अन्तर्गत स्थानीय कच्चा पदार्थ वा स्थानीयमा उत्पादन हुने सामाग्रीको लागि लागत साझेदारी गरिएको छ ।

३६. पोखरा भ्रमण वर्ष २०२५ घोषणा भई विविध प्रवर्द्धनात्मक कार्यक्रमहरू सञ्चालन भइरहेका छन्। पर्यटन प्रबर्द्धनमा सघाउ पुग्ने गरी ड्रागन बोट रेस फेस्टीवल, क्रस कन्ट्री रेस, पोखरा म्याराथन, अन्तर्राष्ट्रिय योग शिविर, हट एअर बेलुन लगायतका राष्ट्रिय तथा अन्तर्राष्ट्रिय मेला महोत्सवहरू सम्पन्न भएका छन् ।

३७. साबिक देखीका पुराना नक्साहरूको अभिलेख व्यवस्थित नहुँदा नागरिकलाई पर्न आएको असुविधालाई ध्यानमा राखी चालु वर्षमा ६९ हजार घर नक्साहरूको डिजिटाइजेसन सम्पन्न भएको छ । चालु वर्षमा ६ सय भवनहरूको अभिलेखीकरण सम्पन्न भएको छ । जग्गा विकास कार्यक्रमलाई व्यवस्थित गरी राजश्वमा योगदान पुग्ने गरी जग्गा विकास मापदण्ड तर्जुमा गरी लागू गरिएको छ ।



Scanned with CamScanner

३८. न्यूरोड टेक्टाइल मार्ग, जिरो-विन्ध्यवासीनी टेक्टाइल मार्ग निर्माण प्रकृयामा रहेको छ । मुस्ताङ्चोक-राष्ट्रबैंक चोक रोड डिभाइडर निर्माण गरिएको छ ।

३९. लामेआहालमा अस्थायी व्याण्डफिल्ड व्यवस्थापनका लागि आवश्यक पूर्वाधार निर्माण लगायत नियमित कार्यक्रमहरू सञ्चालन भएका छन् । सार्वजनिक निजी साझेदारीमा फोहोरमैला प्रशोधन केन्द्र नमुनाका रूपमा सञ्चालन गर्ने गरी प्रस्ताव आव्हान भएकोमा प्रस्तावदाता छनौट भएकोछ। आगामी आवमा प्रस्तावदातासँग सम्झौता गरी निर्माण प्रक्रिया अगाडि बढाइनेछ ।

४०. प्राविधिक शिक्षाको आवश्यकतालाई मध्यनजर गर्दै पोखरा महानगरद्वारा स्थापित गण्डकी बहुप्राधिक शिक्षालयको व्यवस्थित सञ्चालन गरिएको छ । शिक्षालयमा डिप्लोमा इन अटोमोवाईल इन्जिनियरिङ, डिप्लोमा इन सिभिल इन्जिनियरिङ, डिप्लोमा इन फार्मेसी, प्रमाणपत्र तह सामान्य चिकित्सा (HA) लगायत ७ वटा विषयका कक्षाहरू सञ्चालन गरिएको छ । कक्षा ८ को परीक्षालाई व्यवस्थित गरी अन्तर परीक्षा केन्द्र निर्धारण मार्फत परीक्षा सञ्चालन गरी नतिजा प्रकाशन गरिएको छ ।

४१. स्थानीय पाठ्यक्रमलाई समय सुहाउँदो बनाउन पाठ्यक्रम परिमार्जन गरी एग्रो टुरिजम र हस्पिटालिटी सम्बन्धी विषयवस्तुहरू थप गर्ने प्रक्रिया अगाडी बढाइएको छ । विगत आ।व देखि नेपाल सरकारले बजेट मार्फत घोषणा गरेको बाल विकास सहजकर्ता, विद्यालय कर्मचारी र विद्यालय सहयोगीहरूको पारिश्रमिकमा मासिक रु.७ हजार थप गरी पारिश्रमिक उपलब्ध गराइएको छ ।

४२. चालु आर्थिक वर्षमा श्रवण दृष्टिविहीन विद्यार्थीका लागि स्रोत कक्षा सञ्चालनमा ल्याइएको छ । अटिजम र बौद्धिक अपाङ्गता भएका विद्यार्थीका लागि स्रोत कक्षा सञ्चालन अन्तिम चरणमा रहेको छ । राष्ट्रपति रनिङ् शिल्ड लगायत विद्यालय स्तरीय खेलकुद प्रतियोगिताहरू सम्पन्न गरिएका छन्।

४३. नगर युवा परिषद् मार्फत नमुना नगरसभा, युवा उद्यमशीलता, युवाहरूको नेतृत्व तथा क्षमता विकास, कानुनी सचेतना लगायतका प्रशिक्षणमूलक कार्यक्रमहरू सम्पन्न गरिएका छन् ।



Scanned with CamScanner

सभाध्यक्षज्यू,

अब म आर्थिक वर्ष २०८२।०८३ को बजेट तथा कार्यक्रमका उद्देश्य तथा प्राथमिकता उल्लेख गर्ने अनुमति चाहन्छु ।

**बजेटका उद्देश्यहरु:**

- पर्यटकीय राजधानी पोखराको पर्यटकीय पूर्वाधारको विकास गर्ने
- उत्पादनमुलक व्यावसायिक कृषि प्रणालीको विकास गर्ने
- समानुपातिक विकास प्रक्रिया अवलम्बन गर्ने
- फोहोरमैलाको वैज्ञानिक व्यवस्थापन मार्फत प्रर्दूषण नियन्त्रण गर्ने
- सार्वजनिक सम्पत्तिको संरक्षण गर्दै उत्पादनशील उपयोग गर्ने
- सभ्य, सुसंस्कृत र व्यवस्थित सहरीकरणको विकास गर्ने
- सामाजिक न्याय, लैङ्गिक समावेशीकरण र सहभागितामूलक विकासका माध्यमबाट समतामूलक समाजको निर्माण गर्ने
- आधारभूत शिक्षा र स्वास्थ्य सेवाको प्रत्याभूत गर्ने

**बजेटका प्राथमिकता देहाय बमोजिम तोकिएको छ ।**

- हरित, उत्थानशील र दिगो पूर्वाधार विकास
- पर्यटन प्रवर्द्धन
- वातावरण संरक्षण, सम्वर्द्धन तथा फोहोरमैला व्यवस्थापन
- समावेशी, सन्तुलित र समतामूलक विकास
- संस्थागत विकास, सुशासन प्रवर्द्धन तथा गुणस्तरीय सेवा प्रवाह
- स्वरोजगार, उद्यमशीलता तथा व्यावसायिक कृषि प्रणालीको प्रवर्द्धन
- गुणस्तरीय, जबाफदेही र प्रतिस्पधी मावनस्रोत विकास



Scanned with CamScanner

सभाध्यक्षज्यू,

अब म, यो सम्मानित सभा समक्ष आगामी आर्थिक वर्ष २०८२।०८३ को क्षेत्रगत बजेट तथा कार्यक्रम प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

संस्थागत विकास तथा सुशासन तर्फः

४४. सेवाको पहुँचबाट विमुख ग्रामीण क्षेत्रमा रहेका नागरिकहरूलाई लक्षित गरी ग्रामीण तथा विकट क्षेत्रमा सम्भाव्य सेवाहरू घरदैलो मै प्रदान गर्ने गरी घुम्ती शिविर सञ्चालन गर्न आवश्यक बजेटको व्यवस्था मिलाएको छु । महानगरपालिकामा कार्यरत कर्मचारी, जनप्रतिनिधि र सञ्चारकर्मीहरू समेतको विषयगत क्षेत्रको ज्ञान, सीप र दक्षता अभिवृद्धि गर्न तालिम र प्रशिक्षण कार्यक्रम सञ्चालन गर्न रु.४० लाख विनियोजन गरेको छु ।

४५. महानगरबाट प्रवाह गरिने सेवा तथा सुविधाहरू, कर्मचारी र सेवाग्राही बिचको कार्य व्यवहार, सेवा प्राप्त गर्न लागेको समय, सेवा बापतको मूल्य, परिमाण तथा गुणस्तरका सम्बन्धमा सेवाग्राहीसँग राय प्रतिक्रिया माग गर्नका लागि सूचकहरूमा आधारित सेवाग्राही सन्तुष्टि फारम भर्न लगाई प्रतिवेदन लिइने छ । यस कार्यका लागि आवश्यक बजेटको व्यवस्था गरेको छु ।

४६. महानगरपालिकामा सूचनाको हक सम्बन्धी ऐन २०६४ तथा सूचनाको हक सम्बन्धी नियमावली २०६५ बमोजिम सुशासन प्रवर्धनका लागि सूचना माग गर्ने सरोकारवाला सेवाग्राहीलाई प्राथमिकतापूर्वक सूचनाहरू उपलब्ध गराइएको छ । चालु आर्थिक सूचनाको हक सम्बन्धी जनचेतना जगाउन आवश्यक विनियोजन भएको छ ।

४७. सार्वजनिक खरिद ऐन २०६३ र नियमावली २०६४ बमोजिम खरिद प्रक्रियालाई व्यवस्थित, प्रविधिमैत्री र सरल तथा सरोकारवालाको पहुँचयोग्य बनाउन खरिद कार्यमा संलग्न जनशक्तिलाई क्षमता विकासको लागि आवश्यक बजेट विनियोजन गरेको छु ।

४८. विपद् व्यवस्थापन कार्यमा खटिने जनशक्तिहरूको क्षमता विकासका लागि तालिम तथा अभिमुखीकरण कार्यक्रम सञ्चालन गरिनेछ । विपद् जोखिम न्यूनीकरण, विपद् पूर्व तयारी, राहत, उद्धार, प्रतिकार्य र पुन स्थापना लगायतका लागि Rapid Response Team व्यवस्थापनका गर्न रु.३ करोड २४ लाख विनियोजन गरेको छु ।

४९. न्यायिक समितिका काम कार्वाहीहरुलाई व्यवस्थित गर्दै महानगरको आवश्यकता बमोजिम आवश्यक ऐन कानुन निर्माण र मुद्दाको फैसला कार्यान्वयन, सामाजिक मेलमिलापकर्ताहरूको अभिमुखीकरण, कानुनी सचेतना अभिवृद्धि लगायत कार्यका लागि रु.१ करोड ४४ लाख बजेट विनियोजन गरेको छ।



Scanned with CamScanner

५०. नगर क्षेत्रमा हुने अवैध कार्यहरू नियन्त्रणका लागि कानुन कार्यान्वयनमा महानगरीय प्रहरी बलको अनुगमन कार्यलाई प्रभावकारी बनाउन प्रहरीहरूको लागि आवश्यक सुरक्षा सामग्री खरिद र दुर्घटना बिमा कार्यक्रम सञ्चालनका लागि आवश्यक बजेटको व्यवस्था मिलाइएको छ ।

५१. राजश्व परिचालनलाई प्रभावकारी बनाउँदै करको दायरा विस्तार गर्ने नीति बमोजिम सम्पत्ति तथा मालपोत करको दरमा एकरूपता ल्याउन मालपोत तथा नापी कार्यालयसँग आवश्यक समन्वय गरिनेछ । भुक्तानी प्रणालीलाई कर सूचना प्रणाली र भू-सूचना प्रणालीमा आबद्ध गर्दै डिजिटल प्रणाली मार्फत राजश्व भुक्तानी गर्ने व्यवस्था मिलाएको छु ।

५२. करदाताहरूलाई स्थानीय तहबाट सङ्कलन हुने कर तथा दस्तुरहरूको जानकारी उपलब्ध गराउन कर सम्बन्धी सचेतना कार्यक्रम सञ्चालन गर्ने व्यवस्था मिलाएको छु । समयमै कर दाखिला गर्ने कार्यलाई प्रोत्साहन गर्न सम्पत्ति, मालपोत र व्यवसाय कर पौष मसान्त भित्र दाखिला गरेमा १५ प्रतिशत छुट दिने व्यवस्था मिलाएको छु । युवा उद्यमीले नव प्रवर्तनात्मक व्यवसाय गरेमा थप ५ प्रतिशत छुट दिने व्यवस्था मिलाएको छु ।

५३. विपत्तिमा परेका परिवार, परम्परागत शैलीका पुराना घरहरू साबिक कै स्थान र शैलीमा निर्माण गरेमा, अपाङ्गता भएका व्यक्तिले अपाङ्गतामैत्री पहुँचयुक्त घर निर्माण गरेमा नक्सा पास दस्तुरमा छुट दिने व्यवस्था मिलाएको छु ।

५४. स्थानीय सरकार सञ्चालन ऐन २०७४ ले तोके बमोजिम इजाजत प्राप्त गरी भवन निर्माण कार्य ४ वर्षसम्म निर्माण कार्य सम्पन्न हुन नसकेका भवनहरूको हकमा आर्थिक ऐनले तोकेको विलम्ब शुल्क लिई घर सम्पन्न प्रमाणपत्र दिने व्यवस्था गरिनेछ । नक्सा पास विना निर्माण भएका सबै प्रकारका भवन संरचनाहरूलाई महानगरपालिकाको अभिलेखमा आबद्ध गरी एकीकृत सम्पत्ति कर प्रणालीमा आबद्ध गरिनेछ ।

५५. राजस्व असुलीलाई प्रभावकारी बनाउन स्थलगत अनुगमन गरी व्यवसाय दर्ता नियमन तथा दण्ड जरिवाना कार्यान्वयन गर्न राजस्व गस्ती टोली परिचालनको व्यवस्था मिलाइने छ । आन्तरिक आय विस्तारको लागि नगर क्षेत्र भित्र रहेका पर्यटकीय स्थलहरूलाई महानगर मातहत ल्याई पर्यटन शुल्क सङ्कलन गर्ने प्रक्रिया अगाडी बढाइने छ ।

५६. पत्रकारिता क्षेत्रको प्राज्ञिक विकास, सञ्चारको सवलिकरण तथा खोज पत्रकारिता प्रोत्साहन, सञ्चारकर्मीहरूको क्षमता अभिवृद्धि र लेखनवृतिका लागि आवश्यक तालिम तथा प्रशिक्षण कार्यक्रमहरू सञ्चालनका लागि आवश्यक बजेटको व्यवस्था गरेको छु ।

महानगरपालिकाको प्रशासनिक तथा कार्यालय सञ्चालन र कार्यक्रम सञ्चालनका लागि नगर कार्यपालिकाको कार्यालय खर्च केन्द्र अन्तरगत रु.९५ करोड विनियोजन गरेको छु ।



Scanned with CamScanner

स्वास्थ्य तर्फः

५७. नि:शुल्क आधारभूत स्वास्थ्य सेवा महानगर अन्तर्गतका सबै स्वास्थ्य संस्थाहरुबाट नियमित उपलब्ध हुँदै आएको छ । सोका लागि ९८ प्रकारका औषधि तथा उपकरणहरू नियमित उपलब्ध गराउने व्यवस्था मिलाइएको छ । यसका लागि सशर्त तथा तथा आन्तरिक गरी रु.१ करोड ६ लाख ९३ हजार विनियोजन गरेको छु ।

५८. आधारभूत स्वास्थ्य सेवा उपलब्ध गराउन आवश्यक जनशक्ति तथा स्वास्थ्य संस्थाहरुको व्यवस्थित सञ्चालनका लागि सशर्त तथा आन्तरिक स्रोतबाट रु.१४ करोड ९० लाख विनियोजन गरेको छु ।

५९. आगामी आर्थिक वर्षमा जनसंख्याका, भूगोल, महानगरमा उपलब्ध श्रोत तथा समयको परिवर्तनसँगै महानगरवासीको बढ्दो आवश्यकता परिपूर्ति गर्न हाल कायम स्वास्थ्य संस्थाहरुको स्तरोन्नति, स्थानान्तरण तथा कटौती गरी स्वास्थ्य सेवालाई सुदृढीकरण गर्ने कार्य आगामी आ.व.मा सम्पन्न गरिने छ ।

६०. महिलाहरूमा हुने प्रमुख स्वास्थ्य समस्याहरू जस्तै पाठेघरको मुखको क्यान्सर, गर्भवती तथा सुत्केरी अवस्थामा हुने जोखिम न्यूनीकरणको लागि गर्भावस्थामा हुने मेडिकल जाँचको लागि रु.१४ लाख बजेट व्यवस्था गरेको छु ।

६१. सशर्त अनुदानमा मातृ तथा नव शिशु कार्यक्रमको निरन्तरताका लागि रु.२२ लाख १ हजार विनियोजन गरेको छु ।

६२. बालबालिका तथा किशोर किशोरीहरुको स्वास्थ्य संवर्द्धन तथा प्रवर्धन गर्न खोप सेवा, पोषण सेवा, नवजात शिशु तथा बाल्यकालीन रोगहरुको एकीकृत व्यवस्थापन तथा किशोर किशोरी मैत्री स्वास्थ्य सेवाका लागि आवश्यक विनियोजन गरेको छु ।

६३. दिनानुदिन बढ्दै गएको नसर्ने रोगको प्रकोपलाई कम गर्न समयमा नै रोगको पहिचान गरी उपचारको दायरामा ल्याउने कार्यका लागि समुदाय स्तरमा विभिन्न स्किनिङ् कायक्रर्महरू सञ्चालन गरिनेछ। सोका लागि ४० वर्ष माथिका सबै नागरिकहरुको स्क्रिनिङ गर्ने, बृद्धबृद्धा, असक्त, दीर्घरोग लागेका, असहाय तथा विपन्न नागरिक लक्षित घरघरमा स्वास्थ्य सेवा कार्यक्रम सञ्चालन गर्न रु.४३ लाख बजेट व्यवस्था गरेको छु ।

६४. संघीय सरकारको अनुदानमा मिर्गौला प्रत्यारोपण गरेका, डायलिसिस गराइराखेका, क्यान्सर रोगी र मेरुदण्डको पक्षघात भएका बिरामीहरुलाई मासिक औषधि उपचार खर्च बापत रु.२ करोड ६८ लाख विनियोजन गरेको छु ।

६५. स्वास्थ्य बिमा कार्यक्रमको दायरा फराकिलो पारी बढी भन्दा बढी नगरवासीको पहुचं पुर्याउन आवश्यक समन्वय, सहयोग र सहकार्य गरिनुका साथै विपन्न नागरिकहरुले उपचारबाट वञ्चित भई अकालमा ज्यान गुमाउन नदिन महानगरबाट पहिचान गरिएका विपन्न घरपरिवारलाई परिचय



Scanned with CamScanner

पत्रका आधारमा बिमा गरिदिने व्यवस्था मिलाइएको छ । सो कार्यका लागि आगामी आ.वमा रू.३० लाख बजेट विनियोजन गरेको छु ।

६६. विद्यार्थीहरूको स्वस्थ व्यवहार प्रवर्द्धन गर्दै मेधावी तथा लगनशील जनशक्ति उत्पादनका लागि केही सामुदायिक विद्यालयहरूमा नमुनाका रूपमा आगामी वर्षदेखि विद्यालय नर्स/स्वास्थ्यकर्मी कार्यक्रम सञ्चालन गर्न रु.२२ लाख ५० हजार बजेट विनियोजन गरेको छु ।

६७. स्वास्थ्य संस्थाहरूको भवनको मर्मत संहार र स्वास्थ्य सेवा प्रवाहको रेकर्डिङ प्रणाली सबै संस्थामा डिजिटलाईजेसन गर्न रु.८० लाख विनियोजन गरिएको छ । डेंगी, कोभिड-१९ लगायत सरुवा रोग, महामारी नियन्त्रण, विपद् व्यवस्थापन तथा प्रतिकार्यका लागि बजेट व्यवस्था गरेको छु ।

६८. तथ्यमा आधारित योजना निर्माणका लागि तथा महानगरमा रोगको भार तथा त्यसको असर यकिन गर्न अनुसन्धान गर्ने कार्यका लागि बजेट व्यवस्था गरेको छु । संघीय तथा प्रदेश सरकारसँगको समन्वयमा तरकारी, फलफूल लगायतका खाद्यपदार्थमा हुने मिसावट तथा विषादी प्रयोगको नियमन र नियन्त्रणका लागि आवश्यक बजेट व्यवस्था गरेको छु ।

६९. महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकाहरूलाई प्रदान गर्दै आएका सेवा तथा सुविधाहरूलाई निरन्तरता दिइएको छ । ६० वर्ष पुगी अनिवार्य अवकाश हुने स्वयंसेविकालाई प्रोत्साहन स्वरुप महानगरले रु.५०,००० रकम एकमुस्ट उपलब्ध गराउन रु.१३ लाख विनियोजन गरेको छु ।

७०. महानगरको एक मात्र आधारभूत अस्पताल शिशुवा अस्पतालमा विशेषज्ञ सेवा बिस्तार गर्न हालै स्वीकृत सङ्गठन तथा व्यवस्थापन सर्भे बमोजिमका सेवा तथा जनशक्ति थप गरी गुणस्तरीय र विशेषज्ञ सेवा उपलब्ध गराउन रु.१ करोड २० लाख विनियोजन गरेको छु । ज्येष्ठ नागरिक र गर्भवतीहरूलाई एम्बुलेन्स सेवाका लागि आवश्यक व्यवस्था मिलाएको छु । महानगरको ग्रामीण भेगमा रहेको जनतालाई लक्षित गरी मुख स्वास्थ्य कार्यक्रम बिस्तार गर्न रु.११ लाख विनियोजन गरेको छु ।

७१. आगामी आर्थिक वर्षमा संघीय सशर्त अनुदान रु.१९ करोड ४ लाख र महानगरपालिकाको आन्तरिक स्रोतबाट स्वास्थ्य सेवामा रु.११ करोड ९८ लाख गरी कुल रु.३१ करोड २ लाख विनियोजन गरेको छु ।

**शिक्षा तर्फः**

७१. न्यून वेतनमा कार्यरत वाल विकास केन्द्का सहयोगी कार्यकर्ता एवं विद्यालय कर्मचारीहरूका लागि न्यूनतम तलब सुविधा उपलब्ध गराइ मनोबल वृद्धि गरी समग्र शैक्षिक गुणस्तर अभिवृद्धिमा टेवा पुर्‍याउन रु.४ करोड ४८ लाख बजेट विनियोजन गरेको छु । महिला शिक्षकहरूको प्रसुति बिदाको समयमा विद्यार्थीको पठनपाठनलाई नियमित गर्न प्रसुति सट्टा शिक्षकको साबिकको व्यवस्थालाई निरन्तरता दिएको छु ।



Scanned with CamScanner

७२. विद्यालय तहदेखि विभिन्न विधामा उत्कृष्ट खेलाडी उत्पादन गर्ने कार्यमा सघाउ पुर्याउने राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता लगायत कार्यक्रमलाई निरन्तरता दिएको छु । नगर क्षेत्रमा आयोजना हुने नगरस्तरीय, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय खेलकुद गतिविधिहरूमा साझेदारी गर्दै महानगरको समग्र खेलकुद विकासका लागि रु.१ करोड ५८ लाख विनियोजन गरेको छु ।

७३. पोखरा प्रज्ञा प्रतिष्ठान पुनर्गठन गरी प्रज्ञा प्रतिष्ठान मार्फत कला, संस्कृति, साहित्य, सङ्गीत, नाट्य तथा प्राज्ञिक क्षेत्रका विविध कार्यक्रम सञ्चालन तथा विभिन्न विद्यामा उत्कृष्ट कार्य गर्ने व्यक्ति/व्यक्तित्व/संस्थालाई पोखरेली नवरत्न सम्मान प्रदानका लागि रु.४० लाख बजेट विनियोजन गरेको छु ।

७४. युवालाई राष्ट्र निर्माणमा अभिप्रेरित गरी बिदेसिने क्रमलाई क्रमशः कम गर्दै लैजाने नीति अनुरूप युवा क्रियाशीलता वृद्धि गर्दै उद्यमशीलता एवं आयआर्जन समेतका युवा लक्षित कार्यक्रम सञ्चालन गर्न सिपमूलक तालीम, Startup कार्यक्रम सञ्चालन गर्न रु.३५ लाख बजेट विनियोजन गरेको छु ।

७५. ७ वटा प्राविधिक विषयमा अध्ययन अध्यापन भइरहेको गण्डकी बहुप्राविधिक शिक्षालयमा आगामी वर्षदेखि थप २ वटा प्राविधिक विषयहरू थप गरी पठनपाठन सञ्चालन गरिनेछ । बहुप्राविधिक शिक्षालयको समग्र शैक्षिक गतिविधि सञ्चालनका लागि रु.१ करोड ८५ लाख विनियोजन गरेको छु ।

७६. विद्यार्थीको दिवा खाजा कार्यक्रम मार्फत विद्यार्थीको विद्यालय भर्ना र विद्यालय नियमित जान प्रोत्साहन मिलेको छ । विद्यालय छोड्ने दरमा कमी आएकोले आधारभूत तह पूरा गर्ने विद्यार्थी संख्या वृद्धिको सकारात्मक नतिजा प्राप्त भएको छ । संघीय सरकारबाट प्राप्त स्रोतमा रु.१० थप गरी प्रति विद्यार्थी दिवा खाजा खर्चका लागि रु.४ करोड विनियोजन गरेको छु ।

७७. विद्यार्थीहरूको पठनपाठन अवस्थाबारे अभिभावकसँग परामर्श गर्न प्रदेश सरकारसँगको साझेदारीमा अभिभावक शिक्षा एवं विद्यार्थी वृत्ति परामर्श सेवा कार्यक्रम सञ्चालनका लागि आवश्यक बजेट व्यवस्था गरेको छु ।

७८. शिक्षा क्षेत्रका समग्र गतिविधि सञ्चालन गर्न महानगर तर्फ रु.१८ करोड ९५ लाख र संघीय सशर्त अनुदान तर्फ रु.१ अरब ५४ करोड ३८ लाख ९१ हजार गरी कुल रु.१ अरब ७३ करोड ३३ लाख ९१ हजार विनियोजन गरेको छु ।

**सामाजिक विकास तर्फ:**

७९. उपप्रमुखसँग महिला कार्यक्रमलाई निरन्तरता दिएको छु । लैङ्गिक हिंसा विरुद्ध पुरुषको ऐक्यबद्धता कार्यक्रमका लागि रु.१० लाख, महिलाहरूको सीप तथा क्षमता विकास, एकल महिला, एच.आइ.भी सङ्क्रमित महिला, आमा समूह, टोल विकास संस्थाहरू समेतको लागि रु.५० लाख र वडा नं ३३



Scanned with CamScanner

मा सञ्चालन हुने प्रादेशिक दीर्घकालीन पुनर्स्थापना केन्द्रको लागि रु.१५ लाख विनियोजन गरेको छु ।

८०. बालबालिकाको क्षेत्रमा विविध कार्यक्रम सञ्चालन गर्ने गरी रु.४५ लाख, दशै प्रकारका अपाङ्गता भएका व्यक्तिहरुलाई अपाङ्गतामैत्री कार्यक्रमका लागि रु.५५ लाख र ज्येष्ठ नागरिकहरुलाई लक्षित गरी रु.२१ लाख छुट्टाएको छु ।

८१. सडकमा आश्रित तथा सहयोगापेक्षी मानव व्यवस्थापनको लागि मानव सेवा आश्रमलाई रु.१५ लाख, अन्य सामाजिक क्षेत्रका विविध पक्षहरू समेट्ने गरी रु.४३ लाख, विपन्न तथा मध्यम आय भएका परिवारको आवास निर्माण तथा मर्मतसंभार कार्यका लागि सहुलियत ब्याजदरमा प्रति व्यक्ति रु.८ लाख परिचालन गर्ने गरी व्यवस्था मिलाएको छु ।

८२. समग्र सामाजिक विकास (शिक्षा, स्वास्थ्य समेत) का कार्यक्रमहरू सञ्चालन गर्न कुल रु.३८ करोड ५० लाख विनियोजन गरेको छु ।

**पूर्वाधार तर्फः**

८३. महानगर स्तरीय ३५ वटा बहुवर्षिय योजना सम्पन्न गर्न रु.८७ करोड बजेट विनियोजन गरेको छु। बहुवर्षिय योजनालाई वर्षभरि बजेट अभाव हुन नदिने गरी चालु वर्षमा नयाँ कार्यक्रम अगाडि बढाउने व्यवस्था मिलाएको छु ।

८४. सबै वडाहरूको सन्तुलित विकास गर्ने नीति अनुरूप वडा कार्यालयहरूको पूर्वाधार निर्माण गर्न १ अरब बजेट प्रस्ताव गरेको छु । वडा कार्यालयको प्रशासनिक तथा कार्यालय सञ्चालन तर्फ रु.६ करोड विनियोजन गरेको छु ।

८५. सहरी सडकहरू स्तरोन्नति गर्ने कार्य क्रमशः कार्यान्वयन भइरहेको छ । सहरी सडक अस्फाल्ट, कङ्क्रिट गर्न रु.१५ करोड व्यवस्था गरेको छु ।

८६. पोखरा महानगरपालिकाको प्रशासकीय भवन निर्माणका लागि जग्गा प्राप्ति प्रक्रिया सम्पन्न भई प्रशासकीय भवन निर्माण कार्यको पहिलो त्रैमासिक भित्र ठेक्का प्रक्रिया अगाडि बढाइनेछ । यसका लागि रु.२५ करोड विनियोजन गरेको छु ।

८७. सडक सुरक्षाका लागि रंगरोगन, रेलिङ, ब्यारीकेड समेत कार्यका लागि रु.१ करोड बजेट व्यवस्था गरेको छु ।

८८. सडक पूर्वाधारहरुको गुणस्तर कायम गर्न हाल सञ्चालनमा रहेको पूर्वाधार गुणस्तर नियन्त्रण प्रयोगशालाको स्तरोन्नति गरिनेछ । यसका लागि रु.१ करोड बजेट प्रस्ताव गरेको छु ।

महानगरपालिकाको पूर्वाधार विकास लागि कुल रु.२ अरब ३३ करोड विनियोजन गरेको छु ।



Scanned with CamScanner

'आर्थिक विकास तर्फः

८९. पर्यटन, कृषि, उद्योग र व्यापारः आर्थिक समृद्धिको आधार भन्ने नाराका साथ कृषि उत्पादन प्रवर्द्धनको लागि कृषि यान्त्रीकरणको लागि रु.३० लाख, उत्पादन सामाग्रीको लागि रु.३० लाख, स्थानीय पशुपन्छी फारममा उत्पादित मल खरिद तथा ढुवानीको लागि ५० प्रतिशत लागत साझेदारीको लागि रु.१० लाख, अभियानमुखी हिउँदे खेती प्रवर्द्धन योजनाको लागी रु.१० लाख, कृषि उपज सङ्कलन केन्द्र र किसान बजार साझेदार बजारमा सङ्कलन भएका उत्पादनमा तोकिएको न्यूनतम समर्थन मूल्यको १० प्रतिशतका दरले प्रोत्साहनको लागि रु.१५ लाख, चैते धान, सुन्तला बगैंचा व्यवस्थापन, आलु प्रवर्द्धन, तरबुजा खेती, पुष्प खेती, मसला बाली, रैथाने बाली प्रवर्द्धन कार्यक्रमको लागि रु.१ करोड ८० लाख विनियोजन गरेको छु ।

९०. पोखरा महानगरपालिकाको भूमि वर्गीकरणको लागि रु.३० लाख, कृषि ऋणमा लाग्ने ब्याजमा ५० प्रतिशत सहुलियत दिने कार्यक्रमका लागि रु.१५ लाख विनियोजन गरेको छु । पोखरा महानगरपालिकाभित्र सिँचाइ क्षेत्र विस्तारको लागि रु.५५ लाख विनियोजन गरेको छु । कम्तीमा १ रोपनी क्षेत्रफलमा कफी खेती गर्नेलाई प्रति बिरुवा वापत ५० रुपैयाँ प्रोत्साहन उपलब्ध गराइ १० हजार बिरुवा रोपणको लागि रु.५ लाख विनियोजन गरेको छु ।

९१. आकस्मिक रोगकीरा, प्राकृतिक बिपद् तथा जंगली जनावरबाट हुने क्षति न्यूनीकरण तथा व्यवस्थापनको लागि रु.१६ लाख, वडा स्तरमा कृषि संजालको समन्वयमा कृषि कार्यक्रम संचालनका लागि रु.८२ लाख ५० हजार, कृषि बजार व्यवस्थापनको लागि रु.१ करोड २० लाख, कृषि उपजको व्यावसायिक जोखिम न्यूनीकरण र बजार सुनिश्चितताका लागि न्यूनतम समर्थन मूल्य सुनिश्चित गर्दै किसानको लगानी सुरक्षित गर्नको लागि रु.५० लाख विनियोजन गरेको छु ।

९२. उत्पादन स्थलमा सङ्कलन केन्द्र र उपभोग क्षेत्रमा किसान बजार र साझेदार बजार स्थापनाको लागि रु.२० लाख, ग्रामीण क्षेत्रबाट नियमित उपज सङ्कलन गरी कृषि एम्बुलेन्स मार्फत सहुलियत दरमा उपभोक्तासम्म पुर्‍याउनको लागि रु.१५ लाख विनियोजन गरेको छु । ताजा उत्पादनको गुणस्तर कायम राख्न श्री कम्प्लेक्सको साझेदारीमा कोल्ड चेन प्रविधि सहितको बजार सञ्चालनको लागि रु.१० लाख विनियोजन गरेको छु ।

९३. पशुजन्य उत्पादनमा वृद्धि, आर्थिक उपार्जन सहितको समृद्धि भन्ने मान्यताका साथ गोठ तथा खोर सुधार कार्यक्रमको लागि रु.१५ लाख, साझेदारीमा यान्त्रीकरण सहयोगको लागि रु.१० लाख बजेट विनियोजन विनियोजन गरेको छु । पशुपन्छीको रोग निवारणका लागि निःशुल्क सेवा, खोप तथा औषधिको व्यवस्थापनका लागि लागि रु.३० लाख विनियोजन गरेको छु ।

९४. पशुपन्छीपालन व्यवसाय प्रवर्द्धन, पशु नस्ल सुधार, घाँसको आहारा व्यवस्थापन र बाँझो जमिनमा घाँस खेती विस्तार गर्नको लागि रु.२५ लाख विनियोजन गरेको छु । खसी बोका प्रवर्द्धनको लागि प्रति केजी रु.२० का दरले उत्पादनको आधारमा प्रोत्साहन सहयोग गर्ने व्यवस्था मिलाएको छु ।



Scanned with CamScanner

९५. **तपाईं हाम्रो रहर, स्वच्छ महानगर** भन्ने नारालाई सार्थकता दिनेगरी घरायसी फोहर व्यवस्थापन र करैसी खेतीको लागि रु.७ लाख, पुष्करिणी परोपकार गोकुलधामसँगको साझेदारीमा आधुनिक गौशाला मार्फत छाडा पशु व्यवस्थापनको लागि रु.३० लाख विनियोजन गरेको छु ।

९६. सामुदायिक कुकुर नियन्त्रण र दर्ताको लागि माइक्रो चिप्स प्रविधिको प्रयोगको साथै भ्याक्सिनेसन अभियान सञ्चालन को लागि रु.५ लाख तथा साझेदारीमा कुकुर होस्टेल सञ्चालन को लागि रु.१० लाख र खाद्य तथा उपभोक्ता सचेतना कार्यक्रमको लागि रु.१० लाख विनियोजन गरेको छु ।

९७. **महानगर र सहकारी, हाम्रो साझेदारी** कार्यक्रम अन्तरगत सहकारी क्षेत्रको लागि रु.९२ लाख बजेट विनियोजन गरेको छु । सहकारीलाई उद्यमशील बनाउन एक सहकारी एक व्यावसायिक उत्पादनमा जोड दिँदै बजारीकरणमा सहजीकरणको लागि रु.३० लाख विनियोजन गरेको छु । सहकारीको सूचकमा आधारित अनुगम तथा नियमन तथा समस्याग्रस्त र जटिल अवस्थाका सहकारीहरुको वित्तीय विश्लेषणको लागि रु.३० लाख विनियोजन गरेको छु ।

९८. स्थानीय उत्पादन प्रवर्द्धनको लागि **मेक इन पोखरा र मेड इन पोखरा** ब्राण्डिङको लागि रु.१५ लाख बजेट विनियोजन गरेको छु । आइडिया मार्ट, नवप्रवर्तनमा आधारित स्टार्टअप उद्यमीलाई प्रोत्साहित गर्न तथा Co-working Space/Business Incubation Center स्थापना तथा संचालनको लागि रु.४२ लाख विनियोजन गरेको छु ।

९९. **वृद्धिमुखी उद्यमशीलता रोजगार प्रवर्द्धन** कार्यक्रम अन्तरगत पढदै कमाउँदै कार्यको लागि घण्टा अनुसार इन्टर्न परिचालन गर्न श्रम बजारको मागअनुसार सीपयुक्त जनशक्ति तयार तालिमको लागि रु.६० लाख, रोजगार बैंकलाई निरन्तरता दिदै विभिन्न संघसंस्थाको साझेदारीमा रोजगार मेला संचालन तथा व्यवसायको प्रणाली सुधारका लागि व्यवसायको हेल्थ चेक अप गर्नको लागि रु.२० लाख विनियोजन गरेको छु । व्यवसाय प्रवर्द्धन तथा उद्योगक्षेत्रको लागि रु.२ करोड ३० लाख विनियोजन गरेको छु ।

१००. **पोखरा भ्रमण वर्ष २०२५** लाई सफल बनाउन राष्ट्रिय तथा अन्तर्राष्ट्रिय क्षेत्रमा प्रचारप्रसार, पर्यटकीय पूर्वाधार विकास र सेवाको गुणस्तर अभिवृद्धि गर्ने कार्यका लागि रु.१ करोड विनियोजन गरेको छु । **प्रकृतिमा हराउनुहोस्, संस्कृतीमा रमाउनुहोस्** भन्ने मान्यताका साथ Slow Tourism प्रवर्द्धन गर्दै बसाइ अवधी लम्बाउने गरी बिभिन्न टुर प्याकेजको विकास गरी पोखरालाई प्राकृतिक, सांस्कृतिक, साहसिक पर्यटनको सुरक्षित तथा आकर्षक गन्तव्यको रूपमा विकास गर्न लागि रु.५० लाख विनियोजन गरेको छु ।

१०१. विभिन्न संघसंस्थाहरूको साझेदारीमा पर्यटन प्रवर्द्धन गर्नका लागि रु.१ करोड ५० लाख, पर्यटन सम्बन्धित कार्यक्रमहरू, साहासिक खेल, कला, संस्कृति, योग, ध्यान (Meditation) लगायतका सम्मेलनहरुको आयोजना, र प्रकृति पदयात्रा (Nature Walks) तथा चरा अवलोकन (Bird Watching) जस्ता गतिविधिहरू, रोपाई महोत्सव, आलु महोत्सव, अन्तर्राष्ट्रिय पर्यटन दिवस, खाना महोत्सव, तीज महोत्सव, दाँई मेला लगायतका महोत्सवहरू सञ्चालनको लागि रु.७५ लाख



Scanned with CamScanner

विनियोजन गरेको छु । महानगरपालिकाको समग्र पर्यटन प्रवर्द्धनका लागि रु.५ करोड ५० लाख विनियोजन गरेको छु ।

**सहरी विकास, पर्यटन, वन तथा वातावरण तर्फ:**

१०२. विश्व बैङ्कको सहयोगमा सञ्चालित नेपाल सहरी शासकीय पूर्वाधार आयोजना अन्तर्गत तालचोक-बेगनास सडक, शिशुवा-शिशाघाट सडक र बागमारा-लामगादि-लामेआहाल-पुँडीटार सडक निर्माण कार्य सम्पन्न गर्न रु.९२ करोड ४७ लाख विनियोजन गरेको छु ।

१०३. एसियाली विकास बैङ्कको सहयोगमा सञ्चालित सहरी उत्थानशील तथा जीवनयापन सुधार आयोजना अन्तर्गत पोखरा ड्रेनेज, सडक, फुटपाथ र स्ट्रिट सुधार, पञ्चासे इको विकास तथा पहुँच मार्ग निर्माण, पुरानो पोखरा सम्पदा वस्ति संरक्षण, रानीवन इको ट्रेल तथा फेवाताल सुधार कार्यक्रम, शान्ति वन बोटानिकल गार्डेन, सेती गर्ज (गल्छी) के आई सिंह पुलमा स्काइवाक र पोखरा अन्तर्राष्ट्रिय विमानस्थलदेखि लेकसाइडसम्मको फास्टट्र्याक निर्माण जस्ता दीर्घकालीन महत्वका परियोजनाहरू DPR तयार गरी सञ्चालन गरिने छन् । जसका लागि रु.३७ करोड २६ लाख बजेट विनियोजन गरेको छु ।

१०४. पोखरा महानगरपालिका र सार्वजनिक निजी साझेदारीमा अत्याधुनिक फोहोरमैला प्रशोधन केन्द्र सञ्चालनको कार्य प्रारम्भ गरिनेछ । पोखरा-३२ लामेआहाल स्थित अस्थायी ल्याण्डफिल्ड साइट व्यवस्थापन गर्नका लागि रु.३ करोड ९१ लाख बजेट विनियोजन गरेको छु ।

१०५. पोखरालाई स्वच्छ हराभरा बनाई हरित सहरका रूपमा विकास गर्न Clean City Green City परियोजना सञ्चालन गर्दै सहरी वन व्यवस्थापन र वृक्षारोपण तथा संरक्षण अभियानलाई निरन्तरता दिन रु.१ करोड २० लाख विनियोजन गरेको छु ।

१०६. मुक्ति क्षेत्र प्रवेशद्वारका लागि रु.१ करोड ४० लाख, फेवा बिच निर्माणका लागि रु.१ करोड ५० लाख र पुरानो बस्ती संरक्षण (वडा नं.४) का लागि रु.५० लाख विनियोजन गरेको छु । पर्यटकीय राजधानी पोखराको सार्वजनिक स्थल, चोक, सडकमा उज्यालो पोखरा कार्यक्रम अन्तर्गत जडान गरिएका सडक बत्तीको विद्युत् महसुल खर्चका लागि रु.७० लाख विनियोजन गरेको छु ।

१०७. Web GIS मा आधारित डिजाइन Base Map को तयारी तथा मेट्रिक प्रणालीमा आधारित घर नम्बर प्रणालीको विकास र स्थापना साथै सामाजिक-आर्थिक विवरणसँग एकीकरण गर्ने कार्यका लागि रु.३ करोड विनियोजन गरेको छु ।

१०८. फेवातालको गाईघाट लगायत अन्य क्षेत्रमा माटो निकाल्ने तथा चेकड्याम निर्माण गर्न रु.१ करोड विनियोजन गरेको छु । तल तलैयामा जम्मा भएको माटो निकाल्नको लागि मसिन (Amphibious Excavator) खरिद गर्न रु.१ करोड ५० लाख विनियोजन गरेको छु ।

१०९. सहरी क्षेत्रको मुख्य सडक, सार्वजनिक स्थलहरूको नियमित सरसफाइ तथा बोट बिरुवा गोडमेलका लागि इगत क्यगचअप्लन मार्फत कार्य गर्न रु.२ करोड ५० लाख विनियोजन गरेको छु । सार्वजनिक



Scanned with CamScanner

निजी साझेदारीमा कार्यक्रम सञ्चालन गर्न तथा कार्यक्रममा म्याचिङ्ग गर्न रु.३० लाख विनियोजन गरेको छु ।

११०. आठ छिमेकी पालिका तथा दुई मितेरी पालिकाकाहरुसँग साझेदारी गरी पर्यटन पूर्वाधार निर्माणका लागि अनुदानका लागि रु.१ करोड ५० लाख विनियोजन गरेको छु । सहरी विकास पर्यटन, वन तथा वातावरण तर्फ रु.३८ करोड विनियोजन गरेको छु ।

**सभाध्यक्षज्यू,**

अब म माथिका नीति तथा कार्यक्रमहरू कार्यान्वयनका लागि बजेट विनियोजन र स्रोत व्यवस्थापनको अनुमान प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

१११. आगामी आर्थिक वर्षका लागि बजेटका उद्देश्य तथा प्राथमिकता पूरा गर्न प्रस्तावित कार्यक्रमहरू कार्यान्वयनका लागि रु.८ अरब ३५ करोड १२ लाख बजेट विनियोजन गरेको छु । उक्त बजेटको खर्च व्यहोर्ने स्रोतहरूमा संघीय सरकार शसर्त अनुदानबाट रु.३ अरब १३ करोड १२ लाख अर्थात् ३७.४९ र आन्तरिक आयबाट रु.५ अरब २२ करोड अर्थात् ६२.५१ प्रतिशत बेहोरिने छ ।

११२. खर्च केन्द्रगत रुपमा नगर कार्यपालिकाको कार्यालय तर्फ रु.९५ करोड अर्थात् १८.१५ प्रतिशत, सामाजिक विकास तर्फ रु.३८ करोड अर्थात् ७.२८ प्रतिशत, आर्थिक विकास तर्फ रु.१८ करोड अर्थात् ३.४५ प्रतिशत, वडा कार्यालय तर्फ १ अरब अर्थात् १९.१६ प्रतिशत, पूर्वाधार तर्फ रु.२ अरब ३३ करोड अर्थात् ४४.६४ प्रतिशत, सहरी विकास पर्यटन वन तथा वातावरण तर्फ ३८ करोड अर्थात् ७.२८ प्रतिशत बजेट प्रस्ताव गरिएको छ ।

११३. पोखरा महानगरपालिकाको आर्थिक विधेयक २०८२ तथा विनियोजन विधेयक २०८२ सम्मानित सभामा पेस गरेको छु । आन्तरिक राजश्व परिचालन तर्फ रु.३ अरब २३ करोड ७२ लाख २७ हजार अर्थात् ६१.८६ प्रतिशत रहेको छ । स्थानीय राजश्व बाँडफाँडबाट रु.१ अरब १ करोड १९ लाख १४ हजार अर्थात् १९.३३ प्रतिशत, प्रदेश राजश्व बाँडफाँडबाट रु.४ करोड २८ लाख ७२ हजार अर्थात् ०.८० प्रतिशत, संघीय राजश्व बाँडफाँडबाट रु.३३ करोड ८ लाख ४० हजार अर्थात् ६.३२ प्रतिशत, संघीय समानिकरण अनुदानबाट रु.५२ करोड ८७ लाख अर्थात् १०.१० प्रतिशत, प्रदेश समानिकरण अनुदानबाट रु.८ करोड १५ लाख ४६ हजार अर्थात् १.५९ प्रतिशत बेहोरिनेछ।

**राजश्व प्रशासन सुधारः**

११४. राजस्व प्रशासनको क्षमता अभिवृद्धि गरी कर प्रणालीलाई चुस्त, सरल, प्रविधि र करदातामैत्री बनाउँदै व्यवसायी र करदाताको कर परिपालना अभिवृद्धि गर्न र कर चुहावट नियन्त्रण गर्न प्रभावकारी उपायहरू अवलम्बन गरिनेछ ।



Scanned with CamScanner

११५. सबै करदाताको विवरण डिजिटल प्रणालीमा आबद्ध गरी Integrated Tax Portal अन्तर्गत Individual Tax Id को लागू गरिनेछ । करदाताले घरमै बसी मोबाइल एपबाट कर/राजश्व तिर्ने व्यवस्था अर्थात् ई- पेमेन्ट व्यवस्था गरी कार्यान्वयनमा ल्याइनेछ ।

११६. महानगरपालिकाको राजश्व सुधार योजना बनाई राजश्व प्रशासन क्षेत्रको संस्थागत क्षमता अभिवृद्धि गरिनेछ । महानगर क्षेत्रभित्रका भवन संरचनाको नक्सापास दस्तुर, सम्पत्ति कर, व्यवसाय कर, बहाल कर तथा अन्य सेवा शुलक सङ्कलन तथा घरजग्गा मूल्याङ्कन प्रणालीलाई यथार्थपरक बनाउन GPS व्यवस्थापन प्रणाली सञ्चालनमा ल्याइनेछ ।

११७. राजश्व असुली र परिपालनालाई विकास निर्माण र आयोजना सञ्चालनसँग आबद्ध गरिनेछ । कर निर्धारणलाई प्रविधिमा आधारित बनाई सुदृढ र व्यवस्थित गरिनेछ ।

**खर्च प्रणालीः**

११८. खर्च प्रणालीलाई सरल, सहज र व्यवस्थित गर्न आगामी आ.व.देखि सबै खर्च केन्द्रहरूमा विद्युतीय भुक्तानी प्रणाली पूर्ण रुपमा लागु गरिनेछ । आम्दानी र खर्चको विवरण दैनिक रूपमा डिजिटल माध्यमबाट प्रकाशन गरिनेछ ।

अन्त्यमा,

प्रस्तुत बजेट तर्जुमा गर्ने कार्यमा महत्वपूर्ण भूमिका निर्वाह गर्ने, स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति, बजेट तथा कार्यक्रम तर्जुमा समिति, राजश्व परामर्श समिति, विषयगत समिति, नेपाल सरकार, गण्डकी प्रदेश सरकार, महानगरपालिकाका महाशाखा, शाखा र एकाइहरू, नगरसभा सदस्यज्यूहरू र सम्पूर्ण कर्मचारीहरुलाई हार्दिक धन्यवाद ज्ञापन गर्दछु । बजेट तर्जुमा जति महत्वपूर्ण छ, यसको कार्यान्वयनबाट यसको सार्थकता झल्किन्छ । यसर्थ, बजेट कार्यान्वयनमा नगरसभासदज्यूहरु, कर्मचारी संयन्त्र, नागरिक समाज, सञ्चार माध्यम, विकास साझेदार एवं सम्बद्ध सबै सरोकार बालाहरूबाट रचनात्मक सहयोगको अपेक्षा गर्दै **समृद्ध पोखरा** निर्माणमा सबैले आ आफ्नो क्षेत्रबाट योगदान गर्ने आशा एवं विश्वास व्यक्त गर्दछु ।

जय पोखरा, जय पोखरावासी ।

धन्यवाद ।

**मन्जुदेवी गुरुङ**

नगर उपप्रमुख, पोखरा महानगरपालिका

मिति : २०८२।०३।०८ गते आइतबार



Scanned with CamScanner